महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## पुर्चौडी नगरपालिका, बैतडी

## ८०७७४४०३३००

## पुर्चौडी नगरपालिका , बैतडी

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-३०

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
पुर्चौंडी नगरपालिका, बैतडी ,
पुर्चौंडी नगरपालिका , बैतडी

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।५।१७ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी प्रमुख प्रशासकिय अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

अभिराज डाँगी
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ।, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, बैतडी।, dtcobaitadi@yahoo.com
श्री प्रदेश लेखा इकाई कार्यालय, बैतडी। , stco7@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ। यस पालिकामा १० वडा रहेका छन् भने क्षेत्रफल १९८.५२ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना २०७८ अनुसार ३८२८१ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१४ देखि २०८१।५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - आय-व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ७५ करोड ९३ लाख ६ हजार उन्नाइस को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १२९८३७.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | अग्रीम आयकर | ११०६४० |
| २ | संचय कोष र बिमा वापतको | १९१९७ |
| जम्मा | | १२९८३७ |

**(ज) वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको आय र व्यय भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३१४७६०२९.०६ | १ | **चालु खर्च** | ४६०१६९१३५.११ | ४६०१६९१३५.११ |
| | क) संचित कोष | १८७०२२७८.२५ | | २ | **पूँजीगत खर्च** | १५७७२०६५५. | १५७७२०६५५. |
| | ख) धरौटी मौज्दात | ११७५१९८२.३१ | | ३ | **धरौटी फिर्ता** | ४९१८०१३. | ४९१८०१३. |
| | ग) विविध खर्च खाता | ८०२९३४.५ | | ४ | **कोष फिर्ता** | | ६९१०७०९.५ |
| | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २१८८३४. | | | क) विविध खर्च खाता | ६७८०७०९.५ | |
| | | | | | ख) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १३००००. | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ११२९४०७३८.८८ | ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | २४६४४८९०९ |
| | क) आन्तरिक राजस्व | ६१५२१९४.१५ | | | क) सामाजिक सुरक्षा | १७६३९५२५७ | |
| | ख) राजस्व बाँडफाँड | १०६७८८५४४.७३ | | | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४००००० | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ४६८८५४३७४. | | ग) सामाजिक विकास कार्यक्रम | ३७५००० | |
| | क) वित्तिय समानीकरण अनुदान | १०६९५००००. | | | घ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९००० | |
| | ख) सशर्त अनुदान | ३२८९००००० | | | ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३०६१६४९ | |
| | ग) समपूरक अनुदान | २०५०४३७४ | | | च) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ६६१२८००३ | |
| | घ) विशेष अनुदान | १२५००००० | | ६ | **अनुदान फिर्ता** | ९०१४७२६.५ | ९०१४७२६.५ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ३०९३६७५६. | ७ | **मौज्दात** | | २०४१७७५१.८१ |
| | क) वित्तिय समानीकरण अनुदान | ९९०८०००. | | | क) संचित कोष मौज्दात | ४५२९६३०.५२ | |
| | ख) सशर्त अनुदान | ६३५०००० | | | ख) धरौटी मौज्दात | १४५७५१६५.३१ | |
| | ग) समपुरक अनुदान | १२४२०७५० | | | ग) विविध खर्च खाता | १२२४१२१.९८ | |
| | घ) विशेष अनुदान | २२५८००६ | | | घ) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८८,८३४.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | २४६४४८९०९ | | | | |
| | क) सामाजिक सुरक्षा | १७६३९५२५७ | | | | | |
| | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४००००० | | | | | |
| | ग) सामाजिक विकास कार्यक्रम | ३७५००० | | | | | |
| | घ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९००० | | | | | |
| | ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३०६१६४९ | | | | | |
| | च) एकीकृत स्वास्थ्य पूर्वाधार विकास | ६६१२८००३ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | १४९४३०९२.९८ | | | | |
| | क) धरौटी आय | ७७४११९६. | | | | | |
| | ख) विविध खर्च खाता | ७२०१८९६.९८ | | | | | |
| | ग) स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ० | | | | | |
| | **जम्मा** | **९०५५९९९००** | **९०५५९९९००** | | **जम्मा** | **९०५५९९९००** | **९०५५९९९००** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ३ वित्तीय बिबरणको परीक्षण

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १८,०५,८७,०००.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ६,७२,११,०००.००, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको रु. १,००,०००.०० गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,१५,०००.००, सामाजिक विकास कार्यक्रमको रु. ३,७५,०००.००, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. ८,९०,०००.०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १०,८२,०००.०० समेत गरी रु. २६,०३,८०,०००.०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.२ **फरक हिसाब**– यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. (१०,८९,४०३.५७), यस वर्षको प्राप्ति रु. २७,०३,०९,०७४.५६, यस वर्षको भुक्तानी रु. २६,७२,९२,३५८.२ र बैङ्क मौज्दात रु. ३,२८,६०५.०० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **३२५६५४३२.६३** | **६०३८१४७९६.५०** | **६१७८८९७९०.११** | **२०७४६३५६.८१** |
| एकीकृत आर्थिक विवरणअनुसार | ३१४७६०२९.०६ | ८७४१२३८७१.०६ | ८८५१८२१४८.३१ | २०४१७७५१.८१ |
| फरक | (१०८९४०३.५७) | २७०३०९०७४.५६ | २६७२९२३५८.२ | ३२८६०५ |

सैद्धान्तिक बेरुजु

३.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रहेको छ। बैंक र श्रेस्ताको मौज्दात भिडान गर्ने कार्यलाई आगामी वर्ष समेत निरन्तरता दिनु पर्दछ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 4529629.52 | 4529629.52 | 0 |
| चालु खर्च खाता | 0 | 0 | 0 |
| पुँजीगत खर्च खाता | 0 | 0 | 0 |
| विविध खर्च खाता | 1224121.98 | 1224121.98 | 0 |
| स्थानीय तह प्रकोप व्यवस्थापन खाता | 88834.00 | 88834.00 | 0 |
| स्थानीय विभाज्य कोष | 328605.00 | 328605.00 | 0 |
| स्थानीय तह धरौटी खाता | 14575165.31 | 14575165.31 | 0 |
| ग१.१, आन्तरिक राजस्व खाता | 0 | 0 | 0 |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | 0 | 0 | 0 |
| बैङ्क | 20746355.81 | 20746355.81 | 0 |

सैद्धान्तिक बेरुजु

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

· बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्वन्धित प्रयोजनका लागि निर्धारीत म. ले. प. फा नं. मध्ये सवारी साधन र मेसिन प्रयोगको लगबुक ९०५, भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता ९०८, भ्रमण प्रतिबेदन ९०९ र म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र प्रयोगको पूर्णरुपमा प्रयोगमा ल्याएको पाइएन ,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

· वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

· अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

· सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

· वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

· फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

· प्रदेश निजामती सेवा ऐन, बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

· सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

· राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वियनमा आएको पाइएन,

· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन, साथै पालिकाले निर्माण गरेका पूँजीगत कार्यहरुको फोटो राख्ने गरेको समेत पाइएन ।

· दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

· स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

· यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ आन्तरिक आय तर्फ

६.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९४ लाख ७८ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. ६१ लाख ५२ अर्थात अनुमान भन्दा ३५.०९ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

६.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३३३४९२१४९.५ | ६१५२१९४.१५ | १.८४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६.३ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आम्दानीशीर्षक | अनुमान | यस महिना सम्मकोआम्दानी | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पती कर | ०.०० | २०८२६१.६७ | |
| भुमिकर/मालपोत | २०००००० | १६२५९०४.६३ | ८१.२३ |
| वहाल कर | ५००००० | २१८८०१ | ४३.७६ |
| वहाल विटौरी कर | ५०००० | १६१६३३.५२ | ३२३.२ |
| व्यवसायले भुक्तानी गर्ने | ०.०० | ८२७५० | |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमालाग्ने कर | ०.०० | १८३५०० | |
| अन्य कर | १५०००००० | १३७८४२९ | ९१.८९ |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.०० | ३८५०० | |
| परीक्षा शुल्क | ०.०० | २५०० | |
| अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ३२२३०५.६९ | |
| सिफारिश दस्तुर | १०००००० | ३६१४२६ | ३६.१४ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | ३६७३०० | ३६.७३ |
| नाता प्रमाणित दस्तुर | ५०००० | ५३०० | १०.६ |
| अन्य दस्तुर | ३७८००० | ३६३२९८.६४ | ९६.११ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | ०.०० | ० |
| अन्य राजस्व | ०.०० | ४०४४५४ | |
| सरकारी घर जग्गा गुडवील बिक्रीबाट प्राप्त रकम | ०.०० | ७१४७० | |
| व्यवसाय कर | २५००००० | २५३९०० | १०.१६ |
| बेरूजू | ०.०० | १०२४६० | |
| जम्मा | ९४७८००० | ६१५२१९४.१५ | ६४.९१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

६.४ **तीन वर्षको आन्तरिक आयको अवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय अनुमान र संकलनको स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आ.व. २०७८/७९को आय अनुमान | संकलन | आ.व. २०७९/८०को आय अनुमान | संकलन | आ.व. २०८०/८१को आय अनुमान | संकलन |
|---|---|---|---|---|---|
| ७०००००० | ६२९५९२३.०६ | ८०००००० | ६५०८१४९.९८ | ९४७८००० | ६१५२१९४.१५ |
| संकलन प्रतिशत | ८९.९४ | संकलन प्रतिशत | १००.६४ | संकलन प्रतिशत | ६४.९१ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आन्तरिक आयको विश्लेषण गर्दा आ.व. २०७८/७९ को आय अनुमान रु. ७००००००.०० गरिएकोमा रु. ६२९५९२३.०६ अर्थात ८९.९४ प्रतिशत संकलन भएको छ भने आ.व. २०७९/८० मा आय अनुमान रु. ८००००००.०० गरिएकोमा रु. ४५२९२४७.२७ अर्थात ९१.३५ प्रतिशत संकलन भएको देखिन्छ। त्यसै गरी आ.व. २०८०/८१ मा रु. ९४७८०००.०० आय अनुमान गरिएकोमा रु. ६१५२१९४.१५ अर्थात ६४.९१ प्रतिशत संकलन भएको देखिन्छ। पालिकाको आर्थिक वर्ष २०७८/७९ को तुलनामा २०७९/८० मा आय वृद्धि भएको देखिन्छ भने आ.व. २०८०/८१ मा गत वर्षको तुलनामा आन्तरिक आय घटेको देखिन्छ। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सम्पूर्ण आर्थिक कारोवारलाई करको दायारामा ल्याई आन्तरिक आम्दानी वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६.५ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। पालिकाले लेखापरीक्षणको क्रममा सम्पूर्ण नगदी रसिद ठेलीहरु पेश नगरेको कारण नगदी रसिदहरुबाट प्राप्त राजस्वको सम्बन्धमा एकिन हुन सकिएन। अघिल्लो आ.व.को बाँकी रसिद ठेलीहरु तथा यस आर्थिक वर्षमा के कति नगदी रसिद ठेलीहरु छपाइ गरी राजस्व संकलन गरियो भन्ने सम्बन्धमा समेत एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

६.६ **रसिद नियन्त्रण खाता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी प्राप्त गर्दा नगदी रसिद कट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। सोही को दफा ७२(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले राजश्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको, गत विगतका बाँकी रसिद र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। पालिकाले म.ले.प.फा.नं. ९०४ बमोजिम रसिदको प्रयोगलाई रसिद नियन्त्रण खाता राखी व्यवस्थित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६.७ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २,५३,९००.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## ७ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ८ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्नेसोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।०८।०७ मा २०७७।०९।०७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

सैद्धान्तिक बेरुजु

## ९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन२ वटा नियमावली ४१ कार्यविधि र अन्य ७ लगायत ६० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ६० वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त ४७ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## १० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष २ वटा बेरुजु दर्ता भएकोमा १ वटा मात्र फस्र्यौट भई १ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. १५ लाख ८३ हजार आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ६१ लाख ५२ हजारको २७.७३ प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यबस्था हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि तथापशुतर्फ रु. ३० लाख र शैक्षिक क्षेत्रमा रु. १६ लाख ४२ हजार गरी रु. ४६ लाख ४२ हजार अनुदान भुक्तानी भएको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमताखर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १११ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ८० जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत इन्जीनियर जनस्वास्थ्य अधिकृत सहित ३१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४८ जना कर्मचारीको रु. ३२३३१५२१.०० र पालिकाका ४२ जना कर्मचारीको रु. ३१७३६९२२.०० समेत रु. ६४०६८४४३.०० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा, गठन, सञ्चालन, व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेदफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। यस स्थानीय तहले कर्मचारी प्रोत्साहन भत्ता तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधी, २०८० बनाई रु.८६००००.०० प्रोत्साहन भत्ता खर्च गरेको छ। जुन पालिकाको आन्तरिक आय रु. ६१५२१९४.१५ को १४ प्रतिशत हुन आउन्छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने नकुहिने सिसाजन्य अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**

स्थानीय तहको कार्य प्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमताआर्थिक व्यवस्थापनसेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ। यो वर्ष यो मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८५.५० अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानु जरुरी देखिन्छ।

सैद्धान्तिक बेरुजु

२० **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत/ परिमाण |
|---|---|---|---|---|
| Talladehi-Goragaun-Maurgaun-Bijayapur Ward Office Sadak | M.H. Engineering Consulting and Construction Pvt.Ltd..Kailali | १५२१८५८.८७ | १५०२९००.०० | ५८५३०१५४१.९८ |
| Detailed Design Cost Estimate and Preparation of Detailed Engineering Report of Football Stadium. | Elisha Engineering Works and Consultancy Services Pvt Ltd Buddhangar, kathmandu | ९९१४४७.८८ | ८६५०००.०० | ३३६५६४९९.९६ |
| Detail Design and Drawing Cost Estimate and DPR Preparation For Dillasaini Bhagawati Temple Pu.Na.Pa-08 Malladehi Baitadi | House of Engineering Analysis and Design Consultancy Pvt. Ltd. Mahalaxmi Lalitpur | ९९७८०५.८२ | ८७५०००.०० | ५०८३७२२४.९१ |
| Prepation of Initial Enviroment Examination Report of Hat Tunkuttya Bhatkhet Mander Hudai ward no - 02 Karyalaya Road | M/S D.A.S.Enviroment and Engineering Consultancy Research Center Pvt.Ltd.Gaurighat-07 Kathamandu | ४८८६६८.०० | ४८८६६८.०० | ८ कि.मि. |
| जम्मा | | ३९९९७८०.५७ | ३७३१५६८.०० | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

२२ **पालनाको लेखापरीक्षण**

२२.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२.२ **बजेट सीमा निर्धारण समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण,

साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखलेमिति २०८०।०३।१० मा रु. ६४ करोड ५४ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।०३।३१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२२.५ **रकमान्तर गरी खर्च**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत बजेटको सीमामा रहि कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधी तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २० मा कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकम अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा वढी अनुदान संकेत अन्तरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सीमा भित्र रही रकमान्तर गर्न सकिने व्यवस्था छ। पालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन। कार्यपालिकाको निर्णय बमोजिम ६५ कार्यक्रम घटाई ९० कार्यक्रममा बढाएर बिभिन्न शिर्षकमा कुल रु.३६४००९७७.०० रकमान्तर गरी अधिकांश शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको छ। पालिकाले विनियोजन ऐनमा ब्यवस्था नगरी एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गर्नु मनासिव देखिएन यसमा सुधार गर्नु पर्दछ।

| क्रस | स्वीकृत आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. | संशोधित आयोजना/कार्यक्रमको नाम | बजेट रकम रु. |
|---|---|---|---|---|
| १ | भवानी मावि न्वाला फर्निचर निर्माण | २,००,००० | भवानीस्थल मावि न्वाला ग्रील तथा ढोका निर्माण | २,००,००० |
| २ | गलेश्वर मावि कठपते विद्यालय भवन विजयपुर | १०,००,००० | सडक वोर्ड ३० प्रतिशत साझेदारी | १०,००,००० |
| ३ | लामाखेत सिचाई कुलो निर्माण | २,५०,००० | लामाखेत सिचाई पाइप तथा मोटर खरिद | २,५०,००० |
| ४ | उपमेयर कोशेली कार्यक्रम | ५,००,००० | स्मार्ट हेल्थ कार्यक्रम | ५,००,००० |
| ५ | धौलकाडा स्लेटखानी | ४०,५०,००० | सडक निर्माणका लागि इन्धन खरिद र मेसिनरी मर्मत | २०,७०,००० |
| | | | शिबाबो देखि ४ न. वडा कार्यालय जोड्ने बाटो | १९,८०,००० |

सैद्धान्तिक बेरुजु

२२.६ **बजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ३३ लाख ४४ हजार अबण्डा बजेट व्यवस्था गरी रु. २९ लाख ७६ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १. | विद्यालय शैक्षिक तथा सांस्कृतिक प्रतियोगिता | १०३००००.०० | १०३००००.०० |
| २. | विद्यालय खेल सहभागिता अनुदान | ३६००००.०० | ०० |

सैद्धान्तिक बेरुजु

२२.७ **योजना प्राथमिकीकरण**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २०० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ११२ | १५ | १४ | ८३ |
| २ | वडास्तरीय | ८८ | ५ | २ | ८६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १८७ योजनामात्र कार्यान्वयन भई १३ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२.८ **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयारी गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकाको वार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | १००% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | २०० | १३ | ३२ | ३ | ८ | १४४ |

पालिकाबाट यस वर्ष सञ्चालित १३ योजनामा शुन्य प्रगति भएको छन्। योजनाहरुको प्राथमिकीकरणका आधारमा बजेट विनियोजन भई कार्यान्वयन भएको देखिदैन। योजना तथा कार्यक्रमको शुन्य प्रगति हुनुले कार्यालयको अपेक्षित लक्ष्य र प्रगति हासिल हुन सक्दैन। यसर्थ प्राथमिकीकरण गरी कार्यान्वयन योग्य कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२२.९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५ करोड ७७ लाख २० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२.१० **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १७५३९२७९ | १५२९०४३१.५० | २.४६ |
| २ | पूर्वाधार विकास | १३३१७२०३९ | १२०३४७३३८ | ५३.४९ |
| ३ | सामाजिक विकास | ३५६२६१४७४ | ३३०५३५८१६।५२ | १९.७८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २२००००० | २०३५४०१ | ०.३३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५९२८३२०८ | १४९६८०८०१.९० | २४.२२ |
| **जम्मा** | | **६६८४५६०००** | **६१७८८९७९०.११** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा मा सबैभन्दा बढी ५३.३० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.३२ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

२२.११

**खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ६१ लाख ५२ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु. ६० करोड ६५ लाख ७९ हजार समेत रु. ६१ करोड २७ लाख ३१ हजारआम्दानी भएकोमा चालु तर्फ रु. ४६ करोड १ लाख ६९ हजार र पूँजिगत तर्फ रु. १५ करोड ७७ लाख २० हजारसमेत रु. ६१ करोड ७८ लाख ८९ हजार खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा १ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. ९१ लाख ८६ हजार खर्च भएको छ जुन आन्तरिक आयको १४९.३२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.१० प्रतिशत चालु र २४.९० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२.१२ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५७७२०६५५ | ११९५१४५२ | ३६५८६५६९ | ४,७८,८५,२५३ | ६२३३९४६२ | ५१०१६१९३ |
| प्रतिशत | १०० | ७.५८ | २३.२० | ३०.३६ | ३९.५३ | ३२.३५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १५७७२०६५५.००निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ११९५१४५२.००(७.५८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३६५८६५६९.०० ( २३.२० प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४७८८५२५३.००(३०.३६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६२३३९४६२.००(३२.३५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.५१०१६१९३.००(३२.३५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२.१३ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढि खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ। सोहि नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बील भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई तालुक कार्यालय, सम्बन्धित मन्त्रालय, कोलेनिका र महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ।यस पालिकाले आफ्नो स्थानीय आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पारित नभएको अवस्थामा संघीय कानूनको अनुशरण गर्नु पर्ने हुन्छ। पालिकाले पेश गरेको विवरण अनुसार गत वर्ष रू.३१४७६०२९.०६ संचित कोष मौज्दात बाँकी रहि यो वर्ष अल्या गरेको छ। तर गत वर्ष भुक्तानी हुन नसकी यो वर्ष रू. ४०१४६५६७.०० यो वर्षको बजेटमा भुक्तानी हुन बाँकीको रुपमा व्यवस्था गरी यो वर्ष रु. ३९७२७४१६.०० भुक्तानी गरेको छ।यसरी गत वर्ष खर्च भई दायित्व सृजना गरेको तर संचित कोषमा पर्याप्त रकम हुँदा समेत भुक्तानी नहुनुको कारण स्पष्ट छैन। त्यसै गरी उक्त दायित्व सृजना भएको अवस्थामा नियमावलीको उल्लिखित व्यवस्था अनुसार प्रमाणित गराई महालेखापरीक्षकको कार्यालयलाई पठाएको

देखिएन। सिद्दान्ततः बजेट एक आर्थिक वर्षको लागि बनाइने भएकोले आगामी आर्थिक वर्ष भुक्तानी हुने गरी दायित्व सृजना गर्नु हुदैन। विशेष परिस्थितिले खर्च हुन गएको तर बजेटले नखाम्ने अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार विल भरपाई सहित प्रमाणित गरी महालेखापरीक्षकको कार्यालयमा पठाई बजेटमा व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२२.१४ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा २.१० देखि ४९.६९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Construction & Upgrading of Hat Kuwakot Dhaulkada Slatekhani Sadak Construction & Upgrading of Reshi-Rujkot-Talladehi Sadak | PNP/BTD/ NCB/Works/ 03/2080/081 | श्री राजधानी कन्सट्रक्सन पु.न.पा.८बैतडी | २८८६९३०५.२७ | १७७६९८७१.५३ | ३८.४४ |
| २ | Supply Delivery & Installation of 11/0.4kV electrical distribution network at the distribution area of Purchaudi MunicipalityBaitadi | PNP/BTD/ NCB/Work/ 04/2080/081 | M/S Housing & Hydro Services Co. P. Ltd. Lalitpur Nepal | २५१५४१८४.०१ | २३९९६३४२.५ | ४.६ |
| ३ | Construction of Purchaudi Municipal Administrative Building Complex Hat Baitadi | PNP/BTD/ NCB/04/ 2077/78 | श्री वाई. आर. कन्सट्रक्सन प्रा.लि. भिमदत्त.न.पा -१५ कन्चनपुर | १०१०४४१८९७.६५ | ७३२१०५४०.६ | ३०.५० |
| ४ | Construction of Dillasaini Bhagwati Temple Purchaudi Municipality-08 Malladehi Baitadi | PNP/BTD/ NCB/Work/ 05/2080/081 | श्री जय दुर्गे कन्सट्रक्सन शैल्यशिखर न.पा.२ दार्चुला | १३६५६४९९.९६ | १०१०७८७४.६१ | २६ |
| ५ | Construction of Football Ground Bineshwor Ma.Vi. Purchaudi Municipality-03 Nakali Baitadi | PNP/BTD/ NCB/Work/ 06/2080/081 | श्री किशोर कन्सट्रक्सन भिमदत्त.न.पा -०६ कन्चनपुर | ९५०३७२७.२७ | ४७८१४७०.७५ | ४९.६९ |
| ६ | | PNP/BTD/ NCB/Work/ 09/2080/081 | श्री किशोर कन्सट्रक्सन भिमदत्त.न.पा -०६ कन्चनपुर | ६८७३६०३.८७ | ४३८३६६७.५० | ३६.२२ |
| ७ | Construction Of Nwala Birthing Centre Building | PNP/BTD/ SQ/Work/ 07/2080/081 | श्रीएच.बि.एस.मामा भान्जा कन्सट्रक्सन प्रा.लि. पु.न.पा.-६बैतडी | २४१९४४७.४७ | २०५६१५५.७३ | १५ |
| ८ | Construction Of Raunalichaud Birthing Centre Building | PNP/BTD/ SQ/Work/ 08/2080/081 | श्री मिलन कन्सट्रक्सन मार्मा-४ दार्चुला | २१०३९३५.८२ | १७९४६१०.११ | १४.७० |
| ९ | Construction of Bijayapur Healthpost Building Pu.Na.Pa. Ward No-10 Baitadi | PNP/BTD/ NCB/Work/ 05/079/80 | श्री मिलन कन्सट्रक्सन मार्मा-४ दार्चुला | ५४१५०७३.२६ | ४०७२३६८.०४ | २५ |
| १० | Construction of 15-Bed Nwadeu Hospital Building at Ward No-03 Purchaudi Baitadi | PNP/BTD/ NCB/Work/ 18/2077/78 | श्रीखानि जगदम्बा जे.भि.बुद्धनगर-१० काठमाण्डौँ | १९७८६८१२१.१० | १९३७४१९२३.२ | २.१० |

सैद्धान्तिक बेरुजु

२२.१५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२.१६ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका२०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले विभिन्न सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.९२२०८०.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन।पालिकाले सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| क्र.स. | सफ्टवेयरकोनाम | खरिदमिति | कम्पनी | खरिदमुल्य | खरिदआ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Electronic Health Management System (EHMIS) | २०८१।०३।१७ | Prism Infosys Kathmandu | २७६८५० | २०८०/०८१ | पुर्चौडी हाँट स्वास्थ्य चौकीमा प्रयोगमा रहेको |
| २ | Attendance Software | २०८०।१२।१६ | CTNC Technology Pvt. .Ltd | ६४५२३० | २०८०/०८१ | नगर कार्यपालिकाको कार्यालय१० वटै वडा कार्यालय र १० वटैस्वास्थ्य चौकीमा प्रयोगमा रहेको |

| सैद्धान्तिक बेरुजु |
|---|

२२.१७ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## २३ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३२२७६६२१.०६ मौज्दात रहेकोमा यो वर्ष रु.३१४७६०२९.०६ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.८००५९२.०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ८,००,५९२ |
|---|---|

## २४ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरण हेर्दा निम्नानुसार रू.९०१४७२६.०० संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी फिर्ता गर्नु पर्ने देखिएकोमा सोहि रकम सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ।

| अनुदान | प्राप्तरकम | खर्चरकम | फिर्तागर्नुपर्ने | फिर्ताभएको |
|---|---|---|---|---|
| संघ शर्सत(चालु) | ३११२००००० | ३०४३६२४७५.५ | ६८३७५२४ | ६८३७५२४ |
| संघ शर्सत(पुँजिगत) | १७७०००००० | १६६२९९७१. | १०७००२९ | १०७००२९ |
| संघ विशेष(चालु) | ५०००००० | ४९९९७९९. | २०१ | २०१ |
| संघ विशेष(पुँजिगत) | ७५००००० | ७४९९९०४. | ९६ | ९६ |
| संघ समपूरक(पुँजिगत) | २०५०४३७४ | २०५०४३७४. | ० | ० |
| प्रदेश शर्सत(चालु) | ५५०००० | ४८२३९६. | ६७६०४ | ६७६०४ |
| प्रदेश शर्सत(पुँजिगत) | ५८००००० | ४७६८४१२. | १०३१५८८ | १०३१५८८ |
| प्रदेश विशेष(चालु) | ० | ० | ० | ० |
| प्रदेश विशेष(पुँजिगत) | २२५८००६ | २२५३६०५.०० | ४४०१ | ४४०१ |
| प्रदेशसमपूरक(पुँजिगत) | १२४२०७५० | १२४१७४६७. | ३२८३ | ३२८३ |
| जम्मा | ३८२९३३१३० | ३७३९१८४०४ | ९०१४७२६ | ९०१४७२६ |

सैद्धान्तिक बेरुजु

२५ **मध्यमकालीन खर्च संरचना**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तिनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालिन खर्चको संरचना तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले आ.व. २०८०।८१ को बजेट तर्जुमाको बखत मध्यमकालिन खर्च संरचनामा तयार गरेको छैन। मध्यमकालिन खर्च संरचनामा तयार नगर्दा आवधिक योजना र बार्षिक बजेट बिच तादम्यता देखिदैन।पालिकाले आवधिक योजना र बार्षिक बजेटबिच तादम्यता कार्यम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालिन खर्च संरचाना तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **उपभोक्ता समिति मार्फत कार्य**

सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धीसम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट र फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुर्‍याउनेमा सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन।यस्तो अवस्थामा उपभोक्ता समितिको नामबाट भएका विभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

सैद्धान्तिक बेरुजु

२७ **अनुगमन**

सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७९ र संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को क्रमशः बुँदा नं. ११ र १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको अनुगम प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको कार्यान्वयन हुनुपर्दछ।

| **क्र स** | **स्रोत** | **सम्पन्न योजनाहरु** | **बजेट खर्च** |
|---|---|---|---|
| १ | प्रदेश विशेष अनुदान | महादेवखानेपानी निर्मण पु.न.पा. १ | २२५३६०५.०० |
| २ | प्रदेश समपुरक अनुदान | रुजकोट देखी तल्लादेही हुदै दोगडाकेदार जोड्ने सडक निर्माण | १३१३०२६५ |
| | | हाटँ कुवाकोट धौलकाडा स्लेटखानी सडक निर्माण चौनेज(0+000) देखी (16+500) सम्मक्रमागत | |
| | | विणेश्वर मा.बि.खेलमैदान पु.न.पा.३ वैतडी | ४७२७११५ |
| ३ | संघ विशेष अनुदान | बर्थिङ सेन्टर सुदृढिकरण तथा नव शिसु मृत्यु अनुसन्धानकार्यक्रम | १२२०७६०३ |
| ४ | संघ समपुरक अनुदान | पुर्चौडी नगरपालिका सबै वडामा विद्युत लाईन विस्तार(क्रमागत) | २२६२१६१७ |
| | | डिलाशैनी भगवती मन्दिर निर्माण पु.न.पा. ८ | ४९४४००९ |

सैद्धान्तिक बेरुजु

## २८ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलव्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्ष र यस वर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभएकोले नियमानुसार पेश्की फर्स्यौट हुनु पर्दछ।

| क्र.सं. | गो. भौ. नं. मिति | पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | यस आव | गत आव | यस आव | गत आव | |
| १ | ६०(२०८०।४।१) | इन्द्रायणी बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ० | ० | ० | ४१०००० | ४१०००० |
| २ | ३(२०८०।६।१९) | श्री नमुना माध्यामिक विद्यालय पु न पा १ आफाला बैतडि | ० | २२००००० | ० | ० | २२००००० |
| ३ | ३(२०८०।६।१९) | श्री पहरौल मावि बागा | ० | २२००००० | ० | ० | २२००००० |
| ४ | ५९(२०८०।९। १२) | राजधानी कन्स्ट्रक्सन | ० | ० | ८४८५८७ | ० | ८४८५८७ |
| ५ | १७३(२०८१।१। १०) | खानेपानी मर्मत तथा निर्माण उपभोक्ता समिति | ३००००० | ० | ० | ० | ३००००० |
| ६ | | खानी जगदम्बा जे.भी. | ० | ० | ० | ३३२००००० | ३३२००००० |
| जम्मा | | | ३००००० | ४४००००० | ८४८५८७ | ३३६१०००० | ३९१५८५८७ |

| पेश्की | ३,००,००० |
|---|---|

२९ **अतिथि सत्कार खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष अतिथि सत्कारमा रु. ६ लाख ९ हजार खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आयको ९.९० प्रतिशत हुन आउँछ। यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यवस्था हुनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३० **पारिश्रमिक कर कट्टा नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस्तै आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम रोजगारदाताबाट पारिश्रमिक करकट्टी गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो.भौ.नं. ६९/२०८०।०६।२१ बाट पदपुर्ति समितिको विभिन्न बैठकको भत्ता भुक्तानी गर्दा कट्टा गर्नुपर्ने रू.३,३७५- पारिश्रमिक कर कट्टा नगरेकोले असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ३,३७५ |
|---|---|

३१ **तोकिए भन्दा बढी आर्थिक सहायता**

पुर्चौडी नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७७ को परिच्छेद-२ मा आर्थिक सहायता सम्बन्धी मापदण्डको व्यवस्था छ। जसको बुँदा नं. ३(३)मा दीर्घ रोगी र क्यान्सर पीडितहरुलाई बिरामीको अवस्था हेरी २० हजार देखि १ लाखसम्म आर्थिक सहायता दिन सकिने, त्यसैगरी बुँदा नं. ५(२)(ग) मा प्रकोपबाट कुनै व्यक्तिको घर बास भत्किएर आंशिक वा पूर्ण रुपमा क्षति भएमा ५ हजार देखि बढीमा ३० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने व्यवस्था छ। तर पालिकाले देहाय बमोजिम कार्यविधिमा तोकिएको दर भन्दा बढी दरमा आर्थिक सहायता भुक्तानी गरेको छ। अत: यसरी कार्यविधिमा तोकिएको दरभन्दा बढी दरमा आर्थिक सहायता वितरण गर्ने कार्य नियम सम्मत नदेखिएको रू.

| क्र.सं. | भौ.नं. र मिति | भुक्तानी पाउनेको नाम | ठेगाना | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २२५/२०८०।११।०९ | दिपक साउँद | पु.न.पा.-६, बैतडी | १००००० | १५०००० | ५०००० | औषधी उपचार सहायता |
| २ | २८२/२०८०।१२।२९ | कर्ण बहादुर धानुक | पु.न.पा.-२, बैतडी | १००००० | २००००० | १००००० | औषधी उपचार सहायता |
| ३ | | रामदत्त जोशी | डिलासैनी गा.पा.-२, बैतडी | ३०००० | ५०००० | २०००० | डेरा गरी बस्ने घरमा आगलागीमा परी सामानहरु जलेको |
| ४ | | नरमा धानुक | पु.न.पा.-६, बैतडी | ३०००० | ५०००० | २०००० | बाढीको कारण घर भत्केको |
| ५ | | मान सिंह पुजारा | पु.न.पा.-९, बैतडी | ३०००० | ४०००० | १०००० | घर भत्केको |
| ६ | | जयानन्द जोशी | पु.न.पा.-१, बैतडी | ३०००० | १००००० | ७०००० | आगलागीमा परी घरमा पूर्ण रुपमा क्षति भएको |
| जम्मा | | | | ३२०००० | ५९०००० | २७०००० | |

| अनियमित भएको | २,७०,००० |
|---|---|

३२ **क्याम्पसलाई रकम भुक्तानी**

नेपालको संविधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजम हुने उल्लेख छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई संविधानको अनुसूची-८ बमोजिम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ। उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । पालिकाले गो.भौ.नं. ७९/२०८०।१०।२५ बाट रू.१० लाख र २८६/२०८०।१२।२९ बाट १० लाख गरी पुर्चौडी बहुमुखी क्याम्पसलाई उच्च शिक्षा गुणस्तर सुधार तथा क्याम्पसको व्यवस्थापनार्थ राजस्व बाँडफाट शीर्षकबाट जम्मा रू.२०,००,०००। भुक्तानी दिएको छ। उक्त कार्य नगरपालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले यस्तो खर्चमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **विपद व्यवस्थापन कोष**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ मा लेखाको मान्य सिद्धान्त बमोजिम महालेखा नियन्त्रकको कार्यालयले छुटै लेखा राख्ने विधि तोक्ने व्यवस्था छ। जसअनुसार पालिकालाई प्राप्त तथा विनियोजित रकम सम्बन्धित खर्च शीर्षकमा ट्रान्सफर गरि खर्च लेख्नुपर्नेमा पालिकाले विपद् व्यवस्थापन कोष शीर्षकमा विनियोजित बजेट रु. २२०००००.०० विविध खर्च खाताबाट रु. २०३५४०१.०० खर्च लेखेको छ। पालिकाले विपद व्यवस्थापन शीर्षकमा विनियोजित रकम सोही खर्च शीर्षकबाट खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४ **नियम पालन नगरी विज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क.को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहितएजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। यस कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहितएजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। यस कार्यालयबाट विज्ञापन वापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गो.भौ. नं./मिति | मिडिया/एजेन्सीको नाम | भुक्तानी रकम(मु.अ. कर) | विज्ञापन वोर्डमा पठाउनु पर्ने रकम ३ प्रतिशत(मु.अ कर बाहेक) |
|---|---|---|---|
| १८/२०८०।१२।२ | भेटघाट भिडिया प्रा.लि.(शिलबन्दी वोलबन्दी स्वीकृत सम्बन्धमा) | ९४१२३ | २४९९ |
| २८/२०८०।६।२३ | भेटघाट भिडिया प्रा.लि.(शिलबन्दी वोलबन्दी स्वीकृत सम्बन्धमा) बिल नं. २ र ३ | २४८७०० | ६६०३ |
| ६३/२०८०।९।१७ | ऐना एडभर्टाइजमेन्ट | २०४८७० | ५४३९ |
| | क्रियटिभ मिडिया प्रिन्ट प्रा.लि. | ९६०३२ | २५५० |
| | भेटघाट मिडिया प्रा.लि. | २५०९६५ | ६६६३ |
| जम्मा | | ८९४६९० | २३७५३ |

| प्रमाण पेश नगरेको | २३,७५३ |
|---|---|

३५ **दाखिला प्रतिवेदन पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण मूल्य खुलाई जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ७५/२०८०।०६।२२ बाट शैक्षिक अनुदान बापत श्री मालिका मा.वि. भटनालाई दराज, पानी ट्यांकी, बाकस, कार्पेट, ग्लोब लगायतका सामग्री खरिद गरे बापत रू. १९०५६६ भुक्तानी गरेकोमा दाखिला प्रतिवेदन पेश गरेको छैन । साथै उक्त खरिद गरेका सामग्रीहरु कहाँ को कसको जिम्मा रहेको खुलाई राखेको देखिएन । अत: उल्लिखित सामग्रीहरु रितपूर्वक दाखिला गरी दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | १,९०,५६६ |
|---|---|

३६ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक इञ्जिनियर, ना.प्र.स्वा.प्र, अहेव, ल्याव अशिष्टेण्ट, अनमी लगायतका ४६ जना कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.१,४३,६३,६२९।- भुक्तानी पाइयो। पालिकाले ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ३३८/२०८१।०१।२३ बाट तल्ला देही अस्थायी प्रहरी चौकी कार्यालय व्यवस्थापनका लागि वडा नं. ९ का वडा सचिव श्री कर्ण बहादुर विष्टलाई रू. १,५०,०००।– खर्च भुक्तानी गरेको छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **नन्फाइलर**

मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर रकम तथा सो को विवरण स्वयम निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका सप्लायर्स/कन्स्ट्रक्सनका बिलहरुलाई मूल्य अभिवृद्धी कर भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर भिडाउँदा उक्त फर्महरु नन फाइलर र अन्य कैफियत देखिएकोले निम्नानुसार रू. २२७५६४ को कर समायोजन प्रमाण पेश हुनुपर्ने रू.

| भौचर नं. | निर्माण कार्य /ठेक्का नं. | सप्लायर्स/फर्मको नाम | स्थायी लेखा नं | मूल्य अभिवृद्धि कर | निर्माण व्यवसायीलाई भुक्तानी भएको मूल्य अभिवृद्धि कर | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|
| १४४/२०८०।१२।०६ | शिवावो देखि ४ नं. वडा कार्यालय जोड्ने बाटो | इन्द्रायणी बिल्डर्स एण्ड सप्लायर्स | ६०९९९४१२० | ११४३१४ | ८००२० | २०८० श्रावण देखि |
| १५८/२०८०।१२।२९ | ब्याकहोलोडर भाडामा लिएको | एच.बि.एस. मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि. | ६०६५७४८०८ | ११३२५० | ७९२७५ | २०८० को पौष देखि |
| जम्मा | | | | २२७५६४ | १५९२९५ | |

| प्रमाण पेश नगरेको | २,२७,५६४ |
|---|---|

३९ **जरिवाना(सवारी बीमा तथा नवीकरण)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले सवारी साधनको बीमा तथा नवीकरण समयमै गर्नुपर्नेमा ढिलो गरी बीमा तथा नवीकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू. २५,३१० भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| भौ. नं. र मिति | भुक्तानी रकम रु. | जरिवाना रु. |
|---|---|---|
| ७/२०८०।०६।११ | १७६०० | ५७०० |
| २५/२०८०।०६।१७ | ५८०० | ११०० |
| ३०/२०८०।०६।१७ | ८५०० | ३५०० |
| ३१/२०८०।०६।१७ | ५७०० | ७५० |
| २०१/२०८०।११।०३ | ६२८०० | ११४०० |
| २३५/२०८०।११।११ | १४२६० | २८६० |
| जम्मा | ११४६६० | २५३१० |

| अनियमित भएको | २५,३१० |
|---|---|

४० **मर्मत आदेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ५६ को उपनियम २ मा महालेखा नियन्त्रक कार्यालयले कुनै निश्चित कारोबारको सम्बन्धमा लेखाको छुट्टै लेखा राख्ने गरी तोक्न सक्ने व्यवस्था छ। सवारी साधन तथा अन्य मेसिनरी औजार मर्मत गर्दा म.ले.प. फारम नं. ४१४ बमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्बन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्बन्धी अभिलेख म.ले.प. फारम नं. ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नुपर्दछ । केही उदाहरणको रुपमा पालिकाले देहायको भुक्तानीमा मर्मत आदेश बेगर मर्मत गरेको देखिन्छ । तोकिए बमोजिमको ढाँचामा मर्मत आदेश स्वीकृत गरेर मात्र मर्मत गरी मर्मत अभिलेख राख्नुपर्दछ ।

| गो.भौ.नं./मिति | भुक्तानी प्राप्त गर्ने | रकम रू. |
|---|---|---|
| ४१/२०८०।०६।१८ | जय सिंह साउँद | ७०९२३ |
| ५६/२०८०।०६।२१ | लोकेन्द्र बहादुर बोहरा | ४४५०० |
| १२७/२०८०।०९।१८ | शुलभ इन्जिनियरिङ्ग एण्ड वर्कसप | ९६४४७ |
| १५१/२०८०।१०।१० | शिवम अटो पार्टस | ६०६६६ |
| ३३४/२०८१।०१।२० | प्रज्ञा अटो हाउस | ६२००० |

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **सम्झौताभन्दा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. १५१/२०८०।१०।११ बाट न्यूज नाइन्टिनाइनसँग सूचना तथा विज्ञापन प्रकाशन प्रसारण बापत मूल्य अभिवृद्धि कर सहित रू. ४०,०००।– को सम्झौता गरी रू.४४,६००।- भुक्तानी गरी सम्झौता भन्दा बढी रू. ४,६००।- भुक्तानी दिएको छ। अत: सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ४,६०० |
|---|---|

४२ **भान्से सुविधा**

सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची-१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। पालिकाले गो. भौ. नं. ४७२/२०८०।११।०९ बाट नगर उप-प्रमुखको निवासमा भान्सेका रुपमा मिति २०८० चैत्रदेखी जेष्ठसम्म काम गरेको भनी जनक बहादुर धामीलाई डोर हाजिरको आधारमा दैनिक रू. ८५० का दरले कर बाहेक जम्मा रू. ७८२५०।– भुक्तानी गरेको देखिन्छ । पालिकाका पदाधिकारीलाई भान्से वापत सुविधा दिने व्यवस्था ऐनमा देखिदैंन। अत: नियम बिपरित उप-प्रमुखको भान्सेलाई दिएको नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ७८,२५० |
|---|---|

४३ **प्रमाणित डोर हाजिर बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ३७/२०८०।०६।१८ बाट ज्यालादारीमा काम गर्नेएक्साभेटर अपरेटर, ट्याक्टर चालक, टिपर चालक समेतका ६ जना ज्यालादारीमा काम गर्ने कर्मचारीलाई साउन, भाद्र र आश्विन गरी ३ महिनाको पारिश्रमिक भुक्तानी गर्दा डोर हाजिर प्रमाणित बेगर नै भुक्तानी गरेको देखिन्छ । जसबाट निजहरुलाई भुक्तानी गरिएको रकम यथार्थ हो भन्न सकिने आधार देखिदैंन । यसर्थ, डोर हाजिर बेगर गरिएको भुक्तानी नियमसम्मत नदेखिएको रू.

| अनियमित भएको | ३,८९,६६४ |
|---|---|

४४ **सचिवालय सहयोगी**

सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची-१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिका प्रमुख र उप-प्रमुखको सचिवालय सहयोगी रूपमा २ जना नियूक्त गरि वर्षभरि जम्मा रू. ५,४४,२५०।- भुक्तानी गरेको देखिन्छ । यसरी ऐन विपरीत कर्मचारी नियूक्त गरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रू.

| अनियमित भएको | ५,४४,२५० |
|---|---|

४५ **आयुर्वेदिक तथा पशुपंक्षीको औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने आयुर्वेदिक औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको आधारमा परिणाम/विवरण तयार गरी आपूर्ति तथा वितरणको व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका आयुर्वेदिक तथा पशुपंक्षी औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।यस वर्ष पालिकाले विभिन्न फर्म/सप्लायर्सबाट रु २,५०,०००।- को आयुर्वेदिक औषधी र रू.१३,८०,५०३।– पशुपंक्षिको औषधी खरिद गरेको देखिन्छ । आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य सामानको Manufacture Date , Expiry Date, Batch no, Manufacture Company को नाम र सरकारबाट निःशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नुपर्नेमा सो गरेको पाइएन ।आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समयसम्म कम्तिमा १८ महिना वाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry date बिलमा वा लिष्टमा उल्लेख भएको पाइएन । पालिकाले खरिद गरेका आयुर्वेदिक तथा पशुपंक्षी औषधि भण्डार दाखिला गर्नुभन्दा पहिले अनिवार्य रुपमा inspection गरी Inspection report बनाउनुपर्नेमा सो नगरी भण्डार दाखिला गरेको पाइयो। अतः कार्यालयले खरिद गरेको आयुर्वेदिक तथा पशुपंक्षी औषधीको म्याद चेक जाँच गरी भण्डारण एवं दाखिला गरी वितरण गरेको प्रमाण राख्नु पर्दछ। साथै पालिकाले आयुर्वेदिक तथा पशुपंक्षी औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थित बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४६ **कार्यक्रम प्रभावकारिता**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको रकमको सही सदुपयोग भए नभएको एकीन गर्न रकम उपलब्ध गराउने निकायले समय समयमा अनुगमन तथा फलोअप गरी सार्वजनिक रकम सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ। यस आर्थिक वर्षमा पालिकाले देहायका कार्यक्रममा रकम उपलब्ध गराई रू. १६,३२,५९३।- खर्च लेखेको छ ।

| गो.भौ.नं. | भुक्तानी रकम | कार्यक्रमको नाम | विवरण |
|---|---|---|---|
| ४२/२०८०।०६।१८(पालिका चालु) | १८३९५५ | पोली हाउस तथा थोपा सिंचाइ खरिद तथा वितरण | - २० थान पोली हाउस र २० थान थोपा सिंचाइ ड्रम खरिद गरी विभिन्न व्यक्तिहरुलाई वितरण गरेको । |
| ९६/२०८०।०६।२४(पालिका चालु) | ९७९५८ | कुपोषित बालबालिकाको लागि कुखुराको चल्ला वितरण कार्यक्रम | - १७० वटा कुखुराका चल्ला विभिन्न व्यक्तिहरुलाई वितरण गरेको । |
| २/२०८०।०६।१२(कृषि चालु) | ४८०००० | मिनी किट वितरण कार्यक्रम | - विभिन्न ७ प्रकारका तरकारीका बीउ खरिद गरि विभिन्न १३०० जनालाई वितरण गरेको । |
| ३/२०८०।०६।१२(कृषि चालु) | ४७०६८० | कृषि विषादी वितरण कार्यक्रम | - विभिन्न १० प्रकारका विषादी खरिद गरी विभिन्न कृषक तथा कृषि फर्मलाई वितरण गरेको । |
| १३/२०८०।०३।२०(कृषि चालु) | ४००००० | व्यवसायिक च्याउ खेती तालिम | - पालिकाका १० वटै वडामा प्रतिवडा रू. ४०००० कार दरले च्याउ खेती सम्बन्धी तालिम प्रदान गरेको प्रतिवेदन पेश गरेको । |

पालिकाले अनुदान वितरणका लागि कृषक, कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान रकम वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन । वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको, एकै समूह तथा फर्मले पटक-पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन। उल्लिखित कृषक समूह/फर्म/कृषकलाई वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले नियमित अनुगमन तथा फलोअप गरी उपलब्धी मापन गरेको देखिएन। जसबाट वितरित रकमको पूर्ण रुपले सदुपयोग भएको र संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नभएको भनी सुनिश्चित हुन सकिएन। यसर्थ, अनुगमन तथा फलोअपलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी लाभग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **इन्धन तथा मर्मत खर्च**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा प्रति कर्मचारी मासिक १० लिटर सम्म इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकामा रहेका सवारी साधन मर्मतमा यस वर्ष रु.२०७५०००.०० र इन्धनमा कर्मचारीको लागि रु.३०००००.०० र कार्यालय प्रयोजनमा रू.२०००००.००, पदाधिकरीको लागि रू.८०००००.००, सार्वजनिक निर्माणमा रु. ५५०००००.०० र अन्य प्रयोजनमा रु.२०००००.०० गरी रू.९०७५०००.०० इन्धन तथा मर्मतमा खर्च भएको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख समेत राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी Public Asset Management System (PAMS) मा प्रविष्टि गरी इन्धन तथा मर्मत खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४८ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा देहाय बमोजिम खर्च पुष्टि गर्ने प्रमाण बेगर रु.**५,३६,९५०**।- भुक्तानी गरेको छ । जसबाट सार्वजनिक कोषको सदुपयोग तथा खर्चको यथार्थता झल्किदैंन । यसर्थ, बिल भरपाई लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने रू.

| क्र.सं. | भौचर नं. | भुक्तानी प्राप्त कर्ताको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १२/२०८०।०६।१२ | मल्ल आयल स्टोर | २२४९५० | ९७५ लिटर डिजेल र १३१७ लिटर पेट्रोल प्रयोग तथा प्रयोजन र प्रयोग गर्ने सवारी साधन साथै पदाधिकारीको नामनामेसी सहितको सवारी लगबुक पेश नभएकोले सवारी लगबुक प्रमाणित पेश गर्नुपर्ने । |
| २ | २९/२०८०।०९।१७ | परमानन्द पन्त | ५००० | ५ नं. वडाको सूचना प्रकाशन वापत भुक्तानी भएको रु. १०००० मध्ये रु. ५००० को खर्च खुल्ने कागज बिल भरपाई पेश नभएकोले खर्च पुष्टि हुने बिल भरपाई लगायतका कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| ३ | ३३/२०८०।०६।१७ | राम बहादुर बोहरा | १०००० | पानी तथा बिजुलीको खर्च भनी भुक्तानी लिएकोमा पानी तथा बिजुलीको बिल भरपाई पेश नगरेकोले बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| | | राम बहादुर बोहरा | ६००० | गाडी भाडा वापत भुक्तानी लिएको तर कुन प्रयोजनको लागि कहिले गाडी भाडामा लिएको हो तथा भाडामा लिएको गाडीसँग सम्झौता गरेको कागजात समेतका खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| ४ | २८/२०८०।०६।१७ | नर सिंह साउँद | १०००० | पानी तथा बिजुलीको खर्च भनी भुक्तानी लिएकोमा पानी तथा बिजुलीको बिल भरपाई पेश नगरेकोले बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| ५ | ३०/२०८०।०६।१७ | डम्बरदत्त भट्ट | १०००० | पानी तथा बिजुलीको खर्च भनी भुक्तानी लिएकोमा पानी तथा बिजुलीको बिल भरपाई पेश नगरेकोले बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| ६ | ४४/२०८०।०६।१८ | न्यू सन्तुष्टि एग्रो ट्रेड एण्ड सप्लायर्स | १९६८०० | सुनौला हजार दिने आमाहरुलाई वितरण गर्ने भनी विभिन्न तरकारीका बीउ खरिद गरी भुक्तानी गरेकोमा वितरण भरपाई लगायत खर्च पुष्टि गर्ने कागजात पेश गर्नुपर्ने । |
| ७ | ९४/२०८०।०६।२४ | अमिर ओड | ५०००० | युवा उद्यमशीलता प्रर्वद्धन शीर्षकबाट भुक्तानी दिएको तर प्रयोजन तथा खर्च पुष्टि हुने कागज प्रमाण, बिल भरपाई समेत पेश नभएकोले खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| ८ | ९४/२०८०।०६।२४ | अग्री पोष्ट | २०००० | विभिन्न सन्देश प्रकाशन गरे बापत रकम भुक्तानी गरेको तर बिल भरपाई सम्झौता समेतका खर्च पुष्टि हुने कागज प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| ९ | ३०२/२०८०।०१।२३ | बिर बहादुर बोहरा | ४२०० | पानी तथा बिजुलीको खर्च भनी भुक्तानी लिएकोमा पानी तथा बिजुलीको बिल भरपाई पेश नगरेकोले बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । |
| जम्मा | | | **५३६९५०** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३६,९५० |

## ४९ बहाल कर कट्टी नगरेको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस्तै आयकर ऐन २०५८ को दफा ८८ (१) को ५ मा बहाल कर १० प्रतिशत अग्रीम रुपमा कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा अग्रीम रुपमा कर कट्टी गर्नु पर्ने देखिएको बहाल कर रू. ३४६००।- कट्टी गरेको देखिएन । अतः कार्यालयले उक्त कर असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू.

| गो.भौ.नं. | भुक्तानी रकम | असुल गर्नुपर्ने बहाल कर |
|---|---|---|
| ३३/२०८०।०६।१७ | ६००० | ६०० |
| ३४/२०८०।०६।१७ | ४०००० | ४००० |
| ८१/२०८०।०६।२३ | ३००००० | ३०००० |
| जम्मा | | ३४६०० |

| असुल गर्नुपर्ने | ३४,६०० |
|---|---|

५० **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। यो बर्ष पालिकाले सञ्चालित आयोजनाबाट कन्टिन्जेन्सी खर्च गरेकोमा सोको अभिलेख राखेको छैन। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तैः गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापीकिताबमा प्रविष्टी गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १० वडामा सूचिकृत ६२३९ बेरोजगार मध्ये यो वर्ष १८ योजना सञ्चालन गरी९५जनालाई औसत ९९ दिनले ९४२७ दिन रोजगारी उपलव्ध गराई रू.६४९७२३६श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। अत्यन्तै थोरै संख्या वर्षको करिब १.५२ प्रतिशत मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन।रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

| वडा नं. | सुचिकृत बेरोजगार संख्या | रोजगार संख्या | रोजगार प्राप्त गरेको दिन | प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ४५५ | ८ | ७८४ | ९८ | ५२३७१२ | ६५४६४ | १.७६ |
| २ | ४३८ | ८ | ८०० | १०० | ५३४४०० | ६६८०० | १.८३ |
| ३ | ३३९ | ७ | ६७९ | ९७ | ४५३५७२ | ६४७९६ | २.०६ |
| ४ | ५६६ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | १.५९ |
| ५ | १०४१ | १३ | १३०० | १०० | ८६८४०० | ६६८०० | १.२५ |
| ६ | ५०७ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | १.७८ |
| ७ | ९३२ | १२ | १२०० | १०० | ८०१२०० | ६६८०० | १.२९ |
| ८ | ५१४ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | १.७५ |
| ९ | ८१७ | ११ | ११०० | १०० | ७३४८०० | ६६८०० | १.३५ |
| १० | ६३० | ९ | ८६४ | ९६ | ५७७१५२ | ६४१२८ | १.४३ |
| जम्मा | **६२३९** | **९५** | **९४२७** | **९९** | **६२९७२३६** | **६६२८७** | **१.५२** |

सैद्धान्तिक बेरुजु

## ५२ सामाजिक सुरक्षा तर्फ

५२.१ **सामाजिक सुरक्षा भत्ता वितरण -** यस वर्ष पालिकालाई रू. १८२११७६४५ निकासा भएकोमा पालिकाबाट उपलब्ध विवरण अनुसार वडागत सामाजिक सुरक्षा वितरणको विवरण निम्नानुसार रहेको छ।

| वडामा भएको खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| **वडा नं १** | २९९६१७१ | ३००७१३९ | २९७४६४४ | ३०२७१६७ | **१२००५१२१** |
| **वडा नं २** | ३७७७७३३ | ३८२१३६१ | ३८८३७८७ | ३९५३७३० | **१५४३६६११** |
| **वडा नं ३** | ४६५५३१८ | ४६४४८०१ | ४७८२१६० | ४९५८८०३ | **१९०४१०८२** |
| **वडा नं ४** | ४३६७६७९ | ४४०३६५० | ४४४३०४८ | ४३९७९८१ | **१७६१२३५८** |
| **वडा नं ५** | ५७०५८१२ | ५७२०११० | ५७३६१३२ | ५८८७३३८ | **२३०४९३९२** |
| **वडा नं ६** | ५९५४९५० | ५९१६१०९ | ५९५५२१५ | ६०१३३७९ | **२३८३९६५३** |
| **वडा नं ७** | ३८९६६३१ | ३९३२४०२ | ३९६९९३० | ४०३४३६६ | **१५८३३३२९** |
| **वडा नं ८** | ५२५०३९९ | ५१९८७१४ | ५१९११३० | ५२२६०२४ | **२०८६६२६७** |
| **वडा नं ९** | ३४७१०२६ | ३४९६७२७ | ३६१४८४० | ३६५२१८३ | **१४२३४७७६** |
| **वडा नं. १०** | ४८६३८०८ | ४९१६०१२ | ५१८९७८२ | ५२२९४३१ | **२०१९९०३३** |
| **जम्मा** | **४४९३९५२७** | **४५०५७०२५** | **४५७४०६९१** | **४६३८०४०२** | **१८२११७६४५** |

सैद्धान्तिक बेरुजु

५२.२

**ग्राहक परिचान विवरण (के.वाइ.सी.) अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। इ.एफ.टी. मार्फत सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्थाममा छन् सो को विवरण उपलब्ध गराएको छैन। जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने संभावना अत्यधिक हुन्छ । त्यसैले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५२.३ **सामाजिक सुरक्षा लाभग्राहिको लगत कट्टा समयमा नगरेको** - सामाजिक सुरक्षा ऐन,२०७५ को दफा १९ र नियमावी २०७६ को नियम १३ को उपनियम १ बमोजिम सामाजिक सुरक्षा भत्ता पाईरहेको व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा सम्बन्धित वडा समितिको सिफारिसमा स्थानीय तहले निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट अयोग्य वा मृत्यु भएको मितिबाट हटाउनु पर्ने व्यवस्था छ। तर यस पालिकाले भत्ता पाउन अयोग्य व्यक्तिहरुको समयमा लगत कट्टा नगर्ने, गरेपनि वडा कार्यालयले आफै लगतकट्टा गरी सोको जानकारी समयमा पालिकामा नदिने र अधिकांश लाभग्राहिको मृत्यु भएपछिको लगत कट्टा हरेक त्रैमासिकको अन्तिम महिनाको अन्तिम दिन राखेर गरेको पाइयो । जुन सामाजिक सुरक्षा ऐन, नियमावली तथा कार्यविधिको पुर्ण रुपमा पालना गरेको पाईएन। पालिकाले सुरक्षा ऐन, नियमावली तथा कार्यविधिको पुर्ण रुपमा पालना गर्न गराउन ध्यान दिनुपर्दछ ।

| क्र. स. | लाभग्राहिको नाम | मृतकको ना प्र न | मृत्यु भएको मिति |
|---|---|---|---|
| १. | काली महरा | ७३३०४७/६११ | २०८०/१२/२९ |
| २. | झिमा ओखेडा | ७३३०१५/३५६ | २०८१/३/३० |
| ३. | नगुवा धामी | १२२०३/१४२ | २०८१/३/३० |
| ४. | चाखुडी ओखेडा | ७३३०१५/४२१ | २०८१/३/३० |
| ५. | कलावती ऐर | ७३३०१५/७३५ | २०८१/३/३० |
| ६. | जयमति विष्ट | ७३३०४७/११० | २०८१/३/३० |

सैद्धान्तिक बेरुजु

५२.४ **मृतकको खातामा बढी भत्ता निकासा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(२) र (४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले विभिन्न वडाको मृत्यु भइसकेका लाभग्राहीहरुको समयमा लगत कट्टा नगर्दा मृतक लाभग्राहिको खातामा बढी भत्ता निकासा भएको पाइयो। लाभग्राहिको मृत्यु भएको दिन सम्मको रकम निजको हकवालालाई भुक्तानी दिइ बाँकी रकम बैंकबाट फिर्ता माग्नु पर्नेमा तपसिलका लाभग्राहिलाई बढी भुक्तानी दिएको पाइयो । जुन रकम लाभग्राहिको हकवालाबाट फिर्ता गर्न लगाई संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ। रु.

| क्र स | लाभग्राहिको नाम थर | ना. प्र. न. | मृत्यु भएको मिति | लगतकट्टा गरिएको मिति | बढी भुक्तानी भएको रकम | फिर्ता आएको रकम | थप फिर्ता गर्नुपर्ने | बुझिलिनेको नाम थर र ना. प्र. नं. |
|---|---|---|---|---|---|---|---|---|
| १ | जुनकिडी धानुक | ७३३०६३।४ | २०८०।४।२० | २०८१।१।२६ | ३३३३३ | २३००० | १०३३३ | नेफि धानुक(३०२०/१३६२) |
| २ | राईमति देवि साउद | ७३१०१६।१०० | २०८०।०९।१६ | २०८०।११।०६ | १८६७ | ० | १८६७ | धिर बहादुर साउद(७३१०१६/३) |
| ३ | अमला साउद | ७३३०२१।८२० | २०८०।०६।०७ | २०८१।१।२६ | २७०६७ | २४००० | ३०६७ | जै सिंह साउद (३४६) |
| ४ | खिटे साउद | ३१४५।४७४ | २०८०।४।१५ (४३५) | २०८१।१।२६ | ३४००० | २५००० | ९००० | हरिभान साउद (४७५) |
| **जम्मा** | | | | | | | **२४२६७** | |

| असुल गर्नुपर्ने | २४,२६७ |
|---|---|

५२.५ **लाभग्राहिलाई परिचयपत्र उपलब्ध नगराई भत्ता वितरण गरिएको** - सामाजिक सुरक्षा नियमावी,२०७६ को नियम ८ मा लाभग्राहिलाई अनुसूचि-२ बमोजिमको ढाँचामा परिचयपत्र निःशुल्क उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले लाभग्राही परिचयपत्र उपलब्ध गराएको भएपनि सामाजिक सुरक्षा पोर्टलबाट जारी भएको परिचयपत्र नभइ वडा कार्यालयले आफैले छुट्टै परिचय पत्र जारी गरेको पाइयो । जसले गर्दा परिचयपत्र वितरणमा एकरुपता नहुने, वास्तविक लाभग्राहि पहिचान नहुने हुदा नियमको पालना नभई भत्ता वितरणमा अनियमितता हुन सक्ने देखिन्छ । यसमा सुधार गरी भत्ता वितरण प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **शिक्षा तर्फ**

५३.१ **अनुदान व्यवस्थापन** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रकृया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मावनस्रोत केन्द्रमा पठाउने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०८०/८१ मा अनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कार्यान्वियन भए नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन देखिएन।अतः विद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वियन भएको छ भनि विश्वस्त हुने आधार देखिएन।पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३७५७००० |
| २ | पाठ्यपुस्तक अनुदान | ७३६१५९९ |
| ३ | गैरआवासिय छात्रवृत्ति | २०१६००० |
| **जम्मा** | | **१३१३४५९९** |

सैद्धान्तिक बेरुजु

५३.२

**शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका ७७ वटा सामुदायिक विद्यालयमा २५८ शिक्षक दरवन्दी रहेकोमा २५८ शिक्षकको पदपूर्ति रहेको छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमालीक्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२( क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। पालिका स्थित ७७ वटा सामुदायिक विद्यालयमा १२८६७ जना विद्यार्थी अध्ययनरत रहेका छन।

| सि.नं | विद्यालयको नाम | स्थायी | राहत | करार | जम्मा पदपूर्ति | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ७७ वटा सामुदायिक विद्यालय | १३५ | ११० | १३ | २५८ | १२८६७ |

सैद्धान्तिक बेरुजु

५३.३ **सामुदायिक सिकाई केन्द्र अनुदान** - कार्यक्रम कार्यान्वय पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं. २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पक शिक्षा कार्यक्रमको बुदा नं. ६.७ मा सामुदायिक सिकाइ केन्द्रको सञ्चालन गर्न रु २,५०,००० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले तपसिलका सामुदायिक सिकाई केन्द्रलाइ रु २,५०,००० को दरमा निकासा दिएकोमा उक्त अनुदान दिदा सामुदायिक सिकाइ केन्द्रको वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व. को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली भरेको हुनु पर्ने व्यवस्था छ । जुन यस पालिकाले त्यस्तो अनुदान दिदा ध्यान नदिएको पाइएको हुदा अनुदानको सही सदुपयोग भए नभएको कुरामा विश्वस्थ हुने अवस्था देखिदैन।

| क्र स | सामुदायिक सिकाइ केन्द्र | रकम |
|---|---|---|
| १ | पुर्णीमा जुन सामुदायिक सिकाई केन्द्र | २५०००० |
| २ | त्रिबेणी सामुदायिक सिकाई केन्द्र | २५०००० |
| ३ | समैजी सामुदायिक सिकाई केन्द्र | २५०००० |
| **जम्मा** | | **७५००००** |

सैद्धान्तिक बेरुजु

५३.४ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ७७ वटा विद्यालयलाई जम्मा रु २८,२८,७५० निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५३.५ **विज्ञान प्रयोगशाला स्थापना** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानको बुँदा नं. ९.६ मा विज्ञान प्रयोगशाला स्थापना गर्न रु. ६,५०,०००।०० अनुदान दिने व्यवस्था छ।यस वर्ष पालिकाले श्री महादेव मा.वि. बिवावो, श्री रौलेश्वर मा.वि. बिजयपुर र श्री महादेव मा.वि. त्रिकाललाई विज्ञान प्रयोगशालाको लागि रु ६,५०,०००।०० को दरमा निकासा भुक्तानी दिएकोमा विद्यालयले विज्ञान प्रयोगशाला स्थापनाको लागि खरिद गरिएका सामग्रीको प्राविधिक स्पेसिफिकेशन विना खरिद गरेको देखिन्छ। स्पेसिफिकेशन विना खरिद गरिएका सामाग्रीको गुणस्तरमा आश्वस्त हुन ु आधार देखिदैन। अतः प्राविधिक तथा ल्याब सामग्री खरिदमा निर्देशिकामा उल्लेखित तथा आवश्यक मापदण्डका आधारमा खरिद गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.६ **कार्य सम्पादनमा आधारित अनुदान** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं. २.७.१३.१३ को बुदा नं. ९.३ अनुसार स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, सुशाभनमा उत्कृष्ट कार्य गरेका विद्यालय छनोट गर्दा कम्तिमा आधारभुततर्फ १०० विद्यार्थी र माध्यामिकतर्फ २०० विद्यार्थी भएका विद्यालयहरुमध्ये सामाजिक परिक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रक्रिया र पद्वति बमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मानि उच्च अङ्क प्राप्त गर्ने प्रथम र द्धितिय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था छ। पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहाएका विद्यालयलाई निकासा भएको देखियो। कार्यान्वयन पुस्तिकाको सबै व्यहोरा पालना गरी अनुदान भुक्तानी दिनुपर्दछ।

| **क्र.सं.** | **विद्यालयको नाम** | **अनुदानको प्रकार** | **रकम** |
|---|---|---|---|
| १ | गलिनाथ मा. वि. बडगाउँ | कार्यसम्पादनमा आधारित अनुदान | २००००० |

सैद्धान्तिक बेरुजु

५३.७ **पाठ्यपुस्तक अनुदान** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम **(५)**सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल**,**भरपाई**,**प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्थ ा छ साथै कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं. २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था रहेको छ । सोहि कार्यक्रमको बुदा नं. ३.१ को (५) माविद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापनका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० सम्मको लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटक विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा बाँकि अनुदान शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरणका आधारमा यकिन गरि नपुग रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । यस पालिकाले २०८१ को शैक्षिक सत्रको लागि पहिलो पटक ७५ प्रतिशत अनुदान ७५ वटा विद्यालयलाई रू. ४९३१९३१ भुक्तानी दिएकोमा दोस्रो पटक थप अनुदान रकम रू. २२३९३१८ दिदा नमुना परीक्षणको क्रममा तपसिलका विद्यालयको अनुदान बराबरको पाठ्यपुस्तको कुनै विल भरपाई तथा विद्यार्थी भर्ना विवरण विद्यालयले उपलब्ध नगराएको हुदा विद्यालय र IEMIS को सँख्यालाई तुलना गर्न नसक्दा दिएको अनुदान रकम र खर्चको वास्तविकता यकिन गर्न नसकिने हुदा निम्नानुसारका विद्यालयले प्रमाण पेश गर्नुपर्ने। रु.

| **क्र स** | **विद्यालयको नाम** | **निकासा रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | भुमिराज मा.वि. कफलढुङ्गा | ३९६५३१ | विल भरपाई पेश नगरेको |
| २. | न्वादेउ आ.वि. बत्थी | ६४०६२ | विल भरपाई पेश नगरेको |
| ३. | लालीगुराँस आ.वि. ६ नं वडा | २५६७३ | विल भरपाई पेश नगरेको |
| ४. | कैलाश आ.वि. देउलाड | ३७७२५ | विल भरपाई पेश नगरेको |
| ५. | भुमिराज मा.वि. गहताड | ३४८१५१ | विल भरपाई पेश नगरेको |
| ६. | जनज्योती आ.वि. कुवाकोट | २६७६१ | विल भरपाई पेश नगरेको |
| ७. | महेश्वरी मा.वि. न्वाघर | २८९५३५ | विल भरपाई पेश नगरेको |
| ८. | महरौल मा.वि. बागा | १६४१०५ | विल भरपाई पेश नगरेको |
| **जम्मा रकम** | | १३५२५४३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५२,५४३ |

५३.८ **दिवाखाजा कार्यक्रम** - आर्थिक वर्ष २०८०/८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८०/८१ को अनुसूची ४ (ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसैगरी उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकाले सशर्त अनुदानबाट कुल ७७ विद्यालयका लागि खाजा वापत रू. १७८११५२विद्यालयको खातामा रकम निकासा गरेको पाइयो।दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरको पाइएन। गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सहि सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। यसको अनुगमन हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.९ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.१० **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३.११ **विद्यालयगत निकासा रजिष्टरः**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **IEMIS अद्यावधिक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/०८१ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ती, निःशुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा निकास दिनुपर्ने व्यवस्था छ । पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरिएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ देखि १२ सम्मका छात्राविद्यार्थीहरु ३१३५ जना रहेका छन। पालिकाले यस वर्ष हेल्पीङ्ग मल्टी प्रपोजबाट ११७७० थान स्यानिटरी प्याड रु ९९७५०८। (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तर कमी नआउने गरी सुरक्षित रुपमा राख्नु पर्दछ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **स्वास्थ्य तर्फ**

५६.१ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका १० बर्थिङ सेन्टरमा गत वर्ष रु. ७५६८७४.०० मा ८५० थान र यस वर्ष रु. ४४६३५०.०० मा ५०० थान न्यानो झोला खरिद गरेकोमा गत वर्ष ६०६ जना र यस वर्ष ५१३ जना गरी १११९ प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २३७ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६.२ **औषधी खरिद** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १(क) मा पचास लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ।तर यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत उक्त प्रक्रियावेगर टुक्रा टुक्रा गरी विभिन्न मितिमा वार्षिक रु ३२४०१९३ को औषधी सोझै खरिद गरेको पाइयो। यसरी पालिकाले औषधी खरिद गर्दा प्रतिस्प्रधा वेगर औषधी खरिद गर्दा महंगो हुन जाने र पटक पटक खरिद गर्नाले ढुवानी खर्च बढी भई औषधीको लागत समेत बढ्न जान्छ । तसर्थ पालिकालाई आवश्यक औषधीको वार्षिक खरिद अनुमान तयार गरी सार्वजनिक खरिद नियमावलीले तोके बमोजिम खरिद गरी नियमको पालना गर्नुपर्दछ। साथै खरिद गरिएका औषधी सहि समयमा वितरण गरिएको छ छैन तथा नागरिकले औषधीको सहि समयमा उपभोग गर्न पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

तपशिल

| गो.भौ.नं. र मिति | औषधी आपूर्तीकर्ताको नाम | रकम | खरिद विधि |
|---|---|---|---|
| १०३, २०८०/१२/०८ | हेल्पीङ्ग हेल्थ पोलिक्लिनिक प्रा. लि. काठमाडौं | १७९०२६७ | सिलबन्दी दरभउ पत्र |
| २४३, २०८१/३/१२ | सहारा मेडिसिन डिष्ट्रिब्युटर्स | ५०००० | सोझै खरिद |
| ५३, २०८१/३/१२ | मेगा मेडिसिन सप्लायर्स, कन्चनपुर | १३९९९२६ | सोझै खरिद |
| **जम्मा** | | **३२४०१९३** | |

आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधी Self-life को कम्तिमा ३/४ भाग अवधि वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनु पर्दछ। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधीको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ। साथै खरिद गरिएका औषधी निर्धारित म्यादको नहुँदा जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभाव प्रति पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। साथै सम्झौतामा उल्लिखित अवधि भन्दा कम अवधिको औषधी आपूर्तीकर्ता माथि समेत पालिकाले नियमित अनुगमन गरि आवश्यक कदम चाल्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५७ **कृषि अनुदानको अनुगमन तथा प्रतिवेदन**

नेपाल सरकारको प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधी २०८० को दफा ५ बमोजिम अनुदानग्राहीलाई अनुदान वितरण गर्न सक्ने व्यवस्था छ। सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। यस वर्ष पालिकाले सशर्त अनुदानबाट पकेट क्षेत्रमा खोर/गोठ सुधार अनुदान रु ५०००००, साना सिचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रममा अनुदान रु १२०००००, साना सिचाई प्रबन्धनरु ७०००००, मकै पकेट निरन्तरता कार्यक्रम अनुदान रु ५०००००० गरी कृषि तथा पशु विकास कार्यक्रममा कुल रु. २९००००० खर्च लेखेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा उत्पादन तथा उत्पादकत्वमा परेको प्रभाव, उत्पादकत्वमा भएको वृद्धिदर, बजारीकरणमा पारेको प्रभाव, अनुदान प्राप्त गर्ने लाभग्राहीको बिवरण लगागत विषयमा पालिकाले कुनै अध्ययन प्रतिवेदन तथा प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

यस पालिकाले वितरितअनुदान रकमको उच्चतम उपयोगको सुनिश्चितता गरेको प्रमाण कागजात लिएको छैन। वितरितअनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्‍याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवाप्रवाह गरिरहेको सुनिश्चितता गर्नुपर्दछ।

| क्र. स. | अनुदानग्राहीको नाम | अनुदान रकम | उद्देश्य |
|---|---|---|---|
| १ | सुर्यादय कृषक समुह | १६६००० | मकै पकेट निरन्तरताको लागि |
| २ | समौजी पिपल चौतारा | १६६००० | मकै पकेट निरन्तरताको लागि |
| ३ | अट्याल बहुउद्वेशयि कृषक समुह | १६६००० | मकै पकेट निरन्तरताको लागि |
| ४ | हरियालि कृषक समुह | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| ५ | बठेपाल नयाशक्ति कृषक समुह | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| ६ | लालीगुरास घरबारि कृषक समुह | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| ७ | माहादेव बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| ८ | बिरेन्द्र बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| ९ | गोफाकेदार कृषक समुह | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| १० | डिलाशैनि भगवति फलफुल नर्सरि | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| ११ | भण्डारि तरकारि तथा अन्न बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | १५०००० | साना सिचाइ निर्माण तथा मर्मत कार्यक्रम |
| १२ | दिशु बहुउदेशिय कृषि तथा पशुपंछी फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| १३ | महादेव बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| १४ | सिर्जनशिल बहुउदेशिय कृषि तथा पशुपंछी फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| १५ | लाल रोहित बहुउदेशिय कृषि तथा पशुपंछी फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| १६ | भवानि बहुउदेशिय कृषि तथा पशुपंछी फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| १७ | माहादेव बहुउदेशिय कृषि तथा पशुपंछी फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| १८ | समैजि पोल्ट्रि फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| १९ | सुमन बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| २० | आदर्श बहुउदेशिय कृषि तथा पशुपंछी फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| २१ | लक्ष्मि बहुउदेशिय कृषि तथा पशुपंछी फर्म | ५०००० | गोठ सुधार कार्यक्रम |
| २२ | कुवाकोट साना किसान कृषि सहकारी संस्था लि | ७५००० | साना सिचाइ प्रबन्धन |
| २३ | आर एण्ड आर बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | ७५००० | साना सिचाइ प्रबन्धन |
| २४ | जमाडि कृषि तथा पशुपंची कृषक समुह | ७५००० | साना सिचाइ प्रबन्धन |
| २५ | थालिचौड बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | ५०००० | साना सिचाइ प्रबन्धन |
| २६ | केदार भुमिराज बहुउदेशिय करषक समुह | ५०००० | साना सिचाइ प्रबन्धन |
| २७ | केदार नर्सरि कृषि फर्म | ७५००० | साना सिचाइ प्रबन्धन |
| २८ | रोषन बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | ७५००० | साना सिचाइ प्रबन्धन |
| २९ | माहादेव बहुउदेशिय कृषि तथा पशुपंछि फर्म | ७५००० | साना सिचाइ प्रबन्धन |
| ३० | पुर्चौडी कृषि तथा पशुपंछी फर्म | ७५००० | साना सिचाइ प्रबन्धन |


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| ३१ | युवा आधारभुत आधुनिक एग्रो फर्म प्रा.लि | ७५००० | साना सिचाइ प्रबन्धन |
| **जम्मा रकम** | | **२८९८०००** | |

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम भुक्तानी दिनुपूर्व चेकजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। महादेव स्वास्थ्य चौकी भवन निर्माणको लागि भुमिराज पहरौल निर्माण सेवासंग मिति २०८०।१।२२ भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा रु. ४८६३३५.०० को सम्झौता भएकोमा रु. ४९९४३५.०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ। रु.

| असुल गर्नुपर्ने | १३,१०० |
|---|---|

५९ **पाइप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले रोचाखोला सिंचाईको लागि विभिन्न सप्लार्यसहरुबाट HDPE पाइप खरिद गरी रु. ३८४०८७.०० भुक्तानी गरेको छ। पाईपको माग विवरण, लागत अनुमान, जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश हुनु पर्ने रु.

| **भौ.न. मिति** | **आपुर्तिकर्ताको नाम** | **खरिद** | **खरिद रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १५।२०८०।०६।१८ | बम ट्रेड सप्लार्यस | १०५० मिटर | ३८४०८७ | वितरण भरपाई पेश नभएको। |
| ४७।२०८०।०६।२५ | नरसिंह साउदको लागि पाइप खरिद | | १४७७९० | वितरण भरपाई र हस्तान्तरण फारम पेश नभएको। |
| १४१।२०८०।१२।१५ | शुभलाभ पाइप उद्योग | ६१५० मिटर | ३७५००० | ३२ जनालाई वितरण गरेको भरपाई पेश नभएको। |
| जम्मा | | | ९०६८७७ | |

| प्रमाण पेश नगरेको | ९,०६,८७७ |
|---|---|

६० **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रू. बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसारका रू. २० लाख भन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वियन गर्नु पर्दछ।

| क्र स | योजनाको नाम | सम्बद्ध निर्माण व्यवसायी | कूल लागत अनुमान |
|---|---|---|---|
| १ | वर्थिङ सेन्टर सुद्दढीकरण तथा नव शिशु मृत्यु अन्सन्धान कार्यक्रम | मिलन कन्सक्ट्रक्सन | २१०३९३५ |
| २ | रसेडाधार काफली बगौरा फलामखानी सडक | एच.वि.एस. मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि. | ४२८४१४५ |
| ३ | डिलासैनी भगवती मन्दिर निर्माण | जय दुर्गे भगवती मन्दीर निर्माण | ११७०१०२७ |
| ४ | रेसी रुजकोटी देखी तल्लोदेखी हुदै दोगडाकेदार जोड्ने सडक निर्माण र हाँट कुवाकोट धौलकडा सडक निर्माण | राजधानी कन्स्ट्रक्सन | २७८८७४४७ |
| ५ | नगरपालिकाको प्रशासनिक भवन निर्माण | वाइ आर कन्स्ट्रक्सन प्रा.लि. | १०४५८३२२२ |
| ६ | विजयपुर स्वास्थ्य चौकी भवन निर्माण | मिलन कन्स्ट्रक्सन | ६४९१३०४ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **बिजक पेश नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। खरिद सम्झौताको पिएस आइटममा राखिएका बीमा, ल्याव परिक्षण जस्ता कार्यको भुक्तानी उक्त कार्य सम्पादन भई विजक प्राप्त भएको अवस्थामा मात्र भुक्तानी दिन सकिन्छ। पालिकाले यो वर्ष तपशिल बमोजिमको भुक्तानी बिजक बेगर भुक्तानी गरेको छ।सार्वजनिक निकायलाई आवश्यक पर्ने निर्माण कार्य सँग सम्बन्धित भएको र वास्तविक कार्यसम्पादनको कुनै पुष्ट्याई विना भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

| क्र.सं. | कामको विवरण | निर्माण व्यवसायी | भुक्तानी भएको रकम | विवरण |
|---|---|---|---|---|
| १ | रसेडाधार काफली बगौरा फलामखानी सडक निर्माण | एच.बि.एस. मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि. | ३०००० | बिमा वापत भुक्तानी |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

६२ **पेश्की कट्टि**

१५ शैयाको अस्पताल निर्माण (PNP/BTD/NCB/08/2077-78) कार्यको लागि पालिका र खानी जगदम्बा जे.भि. विच भएको सम्झौता एस सि सि मा सम्झौता रकमको ३० प्रतिशत नाघेको अवस्थामा भुक्तानी हुने प्रत्येक रनिङ विलबाट पेश्की कट्टी गर्नुपर्ने तथासम्झौता रकमको ८० प्रतिशत भुक्तानी हुदा सम्पूर्ण पेश्की फर्स्योट गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायी सँग भएको सम्झौता रकम रू. १९३७४१९२३.०० को ४५.६ प्रतिशतले हुने रू. ८८३७४९९३.०० (मुल्य समायोजन बाहेक) भुक्तानी भएको अवस्थामा पेश्की रकमको३१.२ प्रतिशतले हुने रकम रु. १०३५८४००.०० फर्स्योट गर्नु पर्ने हुन्छ।पालिकाले हाल सम्म तीन वटा विल मार्फत रू. ८८३७४९९३.०० भुक्तानी भएको अवस्थामा पेश्की कट्टी नगरेकोले पेश्की कट्टि समायोजन गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०३,५८,४०० |

६३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको कुनै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले नियमावलीमा तोकिएको १० लाखको सीमा एक पटकमा मात्र ननाघ्ने गरी तर एक

आर्थिक वर्षमा पटक पटकको खरिद बाट उक्त सीमा नाघेको अवस्था छ। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुदैन।

| क्र स | **गो.भौ.नं. र मिति** | **फर्मको नाम/ निर्माण व्यवसायी** | **खरिदको विवरण** | **भुक्तानी रकम** | कैफियत |
|---|---|---|---|---|---|
| 1. | २८(२०८१।१।२०) | कृतिका ट्रेडर्स एण्ड सप्लायर्स | स्टेट लाइट(सडक वत्ती) | ९१९१८६ | |
| 2. | ३८(२०८१।२।२८) | सम्झना सर्जिकल एण्ड सप्लायर्स | वर्थिङ सेन्टरको सामाग्री खरिद | ९९९८२४ | |
| 3. | ६८(२०८१।३।२४) | गणेश अनिल इन्टर प्राइजेज सप्लायर्स | विजयपुर स्वास्थ्य चौकी भवन रंग, रोगन कार्य | ८०७७१८ | |
| 4. | ६९(२०८१।३।२४) | एच.वि.एस. मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि. | न्वाला वर्थिङ सेन्टर घेर पर्खाल निर्माण पूचौडी ३ | ४४३७०० | |
| 5. | ३५(२०८०।६।२४) र सडक बोर्डको समेत | कुँवर निर्माण सेवा | महादेवस्थान ल्याटी हुदै ठँटे सम्म सडक निर्माण | ६८४७६७ | गत वर्षको भुक्तानी |
| 6. | ३७(२०८०।६।२४) सडक बोर्डको समेत | बम निर्माण सेवा एण्ड सप्लायर्स | वडगाँउ सडक मर्मत | ६९८८७६ | गत वर्षको भुक्तानी |
| 7. | ३८(२०८०।६।२४) सडक बोर्डको समेत | रोयल बि. बिल्डर्स | कुवाकोट सुवालेक सडक निर्माण | ५८५०२६ | गत वर्षको भुक्तानी |
| 8. | ३९(२०८०।६।२४) सडक बोर्डको समेत | किशोर कन्सट्रक्सन | सडक मर्मत | ७७६१३७ | गत वर्षको भुक्तानी |
| 9. | ४०(२०८०।६।२४) सडक बोर्डको समेत | पहरौल निर्माण सेवा एण्ड सप्लायर्स | हाँट कुवाकोट शिवावो सडक मर्मत | ६५०११७ | गत वर्षको भुक्तानी |
| 10. | ४१(२०८०।६।२४) सडक बोर्डको समेत | कृष्ण निर्माण सेवा | हाँट साफे सडक मर्मत | ८५६०५६ | गत वर्षको भुक्तानी |
| 11. | ४२(२०८०।६।२४) सडक बोर्डको समेत | जगदब्बा कन्स्ट्रक्सन | छडी विजयपुर सडक निर्माण | ४८९८६४ | गत वर्षको भुक्तानी |
| 12. | ४४(२०८०।६।२४) | शसलभ इन्जिनियरिङ एण्ड वर्कसप मेसिन सर्भिसिङ | Exavator मर्मत | ३३९००० | गत वर्षको भुक्तानी |
| 13. | ४५(२०८०।६।२४) | एन.एस. इन्फोसिस | कम्प्युटर सामाग्री खरिद | २४९००० | गत वर्षको भुक्तानी |
| 14. | ७३(२०८०।९।२२) | कुवँर निर्माण सेवा | सडक सरसफाई | ९९३२७० | |
| 15. | ८३(२०८०।९।२५) | हाउजिङ्ग एण्ड हाइड्रो सर्भिसेस कम्पनी प्रा.लि. | विद्युत लाईन विस्तार | ९३७९८५ | |
| 16. | १२५(२०८०।१२।२) | कमलेश्वर कन्स्ट्रक्सन | छाडी विजयपुर सडक मर्मत | ४९०८९४ | गत वर्षको भुक्तानी |
| 17. | ८९(२०८०।९।२६) | हाटं स्वास्थ्य चौकीमा एक्सेरे भवन निर्माण | भ्याली कन्स्ट्रक्सन | ९९४८१८ | गत वर्षको भुक्तानी |
| जम्मा | | | | ११९१६२३८ | |

सैद्धान्तिक बेरुजु

६४ **मुल्य समायोजन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा मुल्य समायोजनको सुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लगाउनु पर्ने हुन्छ। १५ शैयाको अस्पताल निर्माण कार्यको ठेकेदार निर्माण व्यवसायी खानी जगदम्बा जे.भि. वुद्धनगर १०, काठमाडौंले पेश गरेको सुत्र अनुसार पहिलो रनिङ्ग र दोस्रो दुबै रनिङ्ग विलको योगको रकममा मूल्य समायोजन वापत रु. ७३७६००४.०० (मू अ कर सहित) भुक्तानी भएको छ। पहिलो रनिङ्ग विल मिति २०२२ जुलाई ४ तयार हुदाको मिति भन्दा एक महिना पहिलेको मिति २०२२ जुन४ को नेपाल राष्ट्र बैङ्कको ईन्डेक्स लिदा पहिलो विलको लागि मुल्य समायोजन फ्याक्टर निम्नानुसार ०.१७४४ हुने देखिन्छ। त्यसै गरी दोस्रो रनिङ्ग विल मिति २०२३ जुलाई १० तयार हुदाँको मिति भन्दा एक महिना पहिलेको मिति २०२३ जुन १० को नेपाल राष्ट्र बैंकको ईन्डेक्स लिदा दोस्रो विलको लागि मुल्य समायोजन फ्याक्टर निम्नानुसार ०.२१२९ हुने देखिन्छ। अत: छुट्टा छुट्टै रनिङ्ग विलको मुल्य समायोजन गणना गर्दा जम्मा रू.६०७१९०४.००(मू अ कर सहित) मात्र भुक्तानी दिन मिल्ने देखिन्छ। तर पालिकाले मूल्य समायोजन बापतको रकम गणना गर्दा २ रनिङ्ग विलको योग समेत रू. ८३३४८८५.००(मु. अ. कर सहित ) भुक्तानी भएकोले निम्नानुसार हुनु पर्ने रू.२२६२९८१.०० भन्दा बढि भुक्तानी असुल हुनुपर्छ। रु.

| Base Index | Date of IPC | Running Bill | Index of Price Escalation | Amount of IPC | Price Adjustment Amount |
|---|---|---|---|---|---|
| २०२०/२१ Dec/Jan | July ४, २०२२(२०२१/२२ May/Jun) | IPC १ | ०.१७४४ | ५८९०८३९ | १०२७३६२ |
| | July १०, २०२३(२०२२/२३ May/Jun) | IPC२ | ०.२१२९ | २०४१३३५८ | ४३४६००४ |
| Total(Without VAT) | | | | २६३०४१९७ | ५३७३३६६ |
| Total(With VAT) | | | | | ६०७१९०४ |
| | | | | असुल गर्नुपर्ने | २२,६२,९८१ |

६५ **विद्युत विस्तारको काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ। त्यसै गरी विद्युत उत्पादन तथा वितरणको प्राविधिक कार्य गर्ने जिम्मेवारी नेपाल विद्युत प्राधिकरणको हुन्छ।पालिकाले यो वर्ष ग्रामिण विद्युत सहकारी संस्थालाई तार तथा ट्रान्सफर्मर लगायतको उपकरण खरिद लागत तथा सोको जडानमा लाग्ने ज्याला समेत उपलव्ध गराई निम्नानुसार स्थानमा विद्युत लाइन विस्तार गरी रू.८ लाख १६ हजारखर्च लेखेको देखियो। विद्युत प्राधिकरण एक नाफामुलक सार्वजनिक संस्थान भएको र जसले पालिकाबाट समेत महसुल संकलन गर्ने गर्दछ। तसर्थ विद्युत लाइन विस्तार गर्ने प्राधिकरणको मुख्य जिम्मेवारी भएको र सोको लागि लाग्ने खर्च समेत स्वयमले व्यहोर्नु पर्ने देखिन्छ।विद्युत प्रसारण लाईन जडान गर्ने जस्ता संवेदनशील कार्य गर्दा ग्रामिण विद्युत सहकारी संस्थामार्फत सम्पन्न गराएको कामको आवश्यक नियमन तथा अनुगमन हुनुपर्दछ।

| क्र स | उपभोक्ता समितिको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | श्री जयदुर्गे भमेलिया जलविद्युत सहकारी संस्या लि. | विद्युत विस्तारको काम | ३४२३७८ |
| २ | श्री जयदुर्गे भमेलिया जलविद्युत सहकारी संस्या लि. | विद्युत लाईन तथा ट्रान्सफर्म मर्मत | ४७३६२२ |
| जम्मा | | | ८१६००० |

सैद्धान्तिक बेरुजु

६६ **बोलपत्रको मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ४४ प्रतिशत देखि ६४.३९ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५० प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भावित जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

| SN | Name of the Project | Name of the Contractor | Estimate Amount | Contract Amount | Percentage Below |
|---|---|---|---|---|---|
| १ | विणेश्वर मावि खेलमैदान निर्माण | किशोर कन्स्ट्रक्सन | ८३३७४२५ | ४७८१४७९ | ४९.६९ |
| २ | औषधि खरिद | हेलपीङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. | ४९९९६३०.०० | १७८०३३९.०० | ६४.३९ |
| ३ | वसन्तपुर डाडिम्पटा हुदै खाडिखेत सडक निर्माण | किशोर कन्स्ट्रक्सन | ७८३०८६४ | ४३८३४६७ | ४४.५८ |

सैद्धान्तिक बेरुजु

६७ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रित पुगे नपुगरेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ. नं. २६(२०८०।०६।२१) बाट हाँट कुवाकोट धौलाकाडा स्लेटखानी सडक निर्माण कार्यको लागि लागि रु. ४३०००००.०० भुक्तानी गरेकोमा नापी किताब, विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन संलग्न गरेको छैन। अत: नापी किताब, विल भरपाई, फोटो तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४,३०,००० |
|---|---|

६८ **औषधि खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम कार्य शुरु नगरेमा वा बिचैमा छोडेमा वा सम्झौता बमोजिमको कार्य प्रगति नभएमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्ने र सो काम वापत राखिएको पुरै जमानत जफत गर्नु पर्ने व्यवस्था छ। सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्नेबाट सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ।त्यसै गरी सार्वजनिक खरिदनियमावलीको नियम, १२१ मा सम्झौता बमोजिमको अवधिमा कार्य सम्पन्न हुन नसकेमा म्याद सकिएको मितिले सम्झौता रकमको प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले सम्झौता अंकको १० प्रतिशत सम्म क्षतिपुर्ति असुल गरिने समेतको व्यवस्था छ।आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको औषधि खरिदको लागि हेलपीङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. संग ८० प्रकारका औषधि खरिदको लागि रु. १७८०३३९.००(मू अ कर बाहेक) लागत अनुमान रु. ४९९९६३०.०० को ६४.३९ प्रतिशत कममा औषधि आपूर्ति गर्ने गरी सम्झौता भएकोमा आपूर्तिकताले तपशिलको औषधि आपूर्ति गरेको देखिएन।

| क्र.सं. | औषधि | परिमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | Metochlorpropaonide 5 mg/5ml 30ml syp | 1200 Bottle | 0.1 | 120 |
| २ | Metchlor propamide 10 mg | 24000 tablet | 0.1 | 2400 |
| ३ | Tetracyeline Eye Onit 1% 5gm | 1200 Tuble | 0.1 | 120 |
| ४ | Adheshive Tape 4'' | 120 Roll | 0.1 | 12 |
| जम्मा | | | | 2952 |

यसरी बोलपत्र मूल्याङ्कन प्रकृयामा छनौट हुनको लागि न्यून मूल्य राखि कबोल गर्ने तर औषधि आपूर्ती गर्दा उच्च मूल्य भएको औषधि आपूर्ति गरि न्यून कबोल मूल्य भएको औषधि आपूर्ति नगर्दा नागरिकले अत्यावश्यक स्वास्थ सेवा प्राप्त गर्ने अधिकारबाट बञ्चित हुने अवस्था छ। अत: खरिद ऐन, नियमावली तथा खरिद सम्झौता बमोजिम कार्य नगर्ने आपूर्तिकर्ताको कार्यसम्पादन जमानतबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी बाँकी औषधि आपूर्तिकर्ताबाट आपूर्ति गर्न लगाउनु पर्दछ।रु.

| असुल गर्नुपर्ने | १,७८,०३४ |
|---|---|

६९ **चेनेज नखुलाएको**

टुणेत देखि खौलन सम्म सिंचाई कुलो निर्माण सम्बन्धमा प्रदेश हस्तान्तरित कार्यक्रम पुँजिगतबाट गो.भौ. नं. १०(२०८०।१२।२९) बाट ३०० मिटर लम्बाई सिंचाईकुलो निर्माण वापत रु. ७६५०३३.०० भुक्तानी भएको छ भने पालिका पुँजिगत गो. भौ. नं. १५७(२०८०।१२।२९) बाट १०० मिटर सिंचाई कुलो निर्माण वापत रु. २३८९६१।०० भुक्तानी भएको छ। उल्लिखित दुबै सिंचाई कुलो निर्माण गर्दा सिंचाई कुलोको चेनेज खुलाएको देखिएन। वर्षेनी खण्ड खण्ड गर्दै सिंचाई कुलो निर्माण हुँदा चेनेज दोहोरिने सक्ने भएकोले प्रत्येक निर्माण कार्यको स्पष्ट खुल्ने गरी चेनेज उल्लेख गरी निर्माण कार्य व्यवस्थापन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

७० **कर विजक पेश हुनु पर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको आधारमा गर्नु पर्ने व्यवस्था छ।ठेक्का नं.PNP/BTD/NCB/WORKS/09/2080-081 वसन्तपुर डाडिम्पटा हुदै खाडिखेत सडक निर्माण कार्यको लागि पालिका र किशोर कन्स्ट्रक्सनसंग सम्झौता भएकोमा बीमा रु. ५००००.०० भुक्तानी भएकोमा बिजक पेश भएको छैन। अत: कर बिजक पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५०,००० |
|---|---|

७१ **विद्युत लाईन मर्मत**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीफिकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नुपर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले गत वर्षको भुक्तानी बाँकी अर्न्तगत १० वटै वडामा विद्युत लाईन विस्तारकोको लागि हाउजिङ्ग एण्ड हाइड्रो सर्भिसेज कम्पन्नी प्रा.लि. संग सम्झौता गरी रु. ९३७९८५.०० र यो वर्ष ट्रान्सफर्मर मर्मत, लाइन मर्मत, पुरानो लाइन मर्मत, ट्रान्सर्फमर अर्थिङ तथा TOD मिटर खरिद कार्यको लागि गोदावरी इलेक्ट्रिकल ट्रान्सफर वर्कसपसंग सम्झौता गरी रु. ९६४९६५.०० गरी रु. १९०२९५०.०० भुक्तानी भएको देखिएकोले उक्त विद्युत लाईन मर्मतको लागि खरिद गरिएका सामाग्रीको स्पेसिफिकेसन तयार नगरिएको र खरिद गरिएको सामाग्रीहरु स्पेसिफिकेसन बमोजिम प्राप्त भए नभएको प्रावधिक विज्ञबाट प्रमाणित गरेको अभिलेख पेश भएन। नियमानुसार प्राविधिक गुणस्तर परीक्षण गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

७२ **मु.अ. कर कट्टि**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६गमा सरकारी वा सार्वजनिक निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वापत भुक्तानी गर्दा निजलाई भुक्तानी गरिने मु.अ. कर रकमको ३० प्रतिशतले हुने रकम निज आपुर्तिकर्ताको नाममा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई मु.अ. कर भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार ३० प्रतिशतले हुने रकम कट्टि गरी सम्बन्धित व्यक्ति तथा फर्मको नामबाट आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको नपाइएकोले मुअकर समायोजन पत्र पेश हुनु पर्दछ।

| भौ न मिति | योजनाको नाम | आपुर्तिकर्ताको नाम | भुक्तानी भएको मु अ कर | कट्टि गरी दाखिला गर्नु पर्ने मु अ कर |
|---|---|---|---|---|
| ७७(२०८०।९।२४) | रसेडाधार काफली बगौरा फलामखानी सडक निर्माण | एच.बि.एस. मामा भान्जा कन्स्ट्रक्सन प्रा.लि. | १६९६१७ | ५०८८५ |

| प्रमाण पेश नगरेको | ५०,८८५ |
|---|---|

७३ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम सम्झौता अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको काबुबाहिरको परिस्थिति भए नभएको कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो। निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ। तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थपसम्वन्धी विवरण निम्नानुसार छ।

| **ठेक्का नं** | **ठेक्काको विवरण** | **सम्झौता मिति** | **सम्झौतारकम** | **सम्पन्नगर्नुपर्ने मिति** | **हाल सम्मको भुक्तानी** | **म्याद थप अवधि** | **सुरु अवधिको म्याद थप प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| ***PNP/BTD/ NCB/Work/ 18***/2077/078 | श्रीखानि जगदम्बा जे.भि. बुद्धनगर-१० काठमाण्डौँ | २०७७-१२-०३ | १९३७४१९२३.२० | २०७९.१२.०२ | ९५७५०९९७.५९ | २०८१-१२-०१ | १०० |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेको ठेक्का सम्झौतामध्ये १ ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधि म्याद थप भएको छ। एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन। सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७४ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. १ करोड १८ लाख १३ हजारका २ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

| **ठेक्का न.** | **निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम** | **सम्झौता रकम** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने (म्याद थपगरी)** | **कैफियत** |
|---|---|---|---|---|---|
| PNP/BTD/NCB/Work/05/2080/081 | श्री जय दुर्गे कन्सट्रक्सन शैल्यशिखर न.पा.२ दार्चुला | १०१०७८७४.६१ | २०८०.०९.१७ | २०८१.०३.१६ म्याद समाप्त . | निवेदन पेश भएको |
| PNP/BTD/NCB/14/077/078 | श्री जि.एण्ड जे. निर्माण सेवा ०१-धनगढी कैलाली | १७०५३००.०० | २०७८.०२.२७ | २०७८.१२.३० सम्म मात्र म्याद थप | |

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **नमुना विद्यालय**

नेपाल सरकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत नमुना विद्यालय विकास एंव सञ्चालन निर्देशिका, २०७४ (पहिलो संशोधन) को परिच्छेद- ९ मा नमुना विद्यालय अर्न्तगत विद्यालयलाई प्राप्त सम्पूर्ण अनुदान विद्यालयको कोषमा जम्मा हुने र सो कोषको सञ्चालन प्रधानाध्यापक र विद्यालयको लेखा हेर्ने कर्मचारीबाट हुने व्यवस्था गरेको छ। यस वर्ष नमुना विद्यालय भौतिक पूर्वाधार विकासको लागि शर्सत अनुदानबाट डिलेश्वर नमुना मावि पुर्चौडी हाँट बैतडीलाई रु. १ करोड भुक्तानी भएकोमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ।

७५.१ विद्यालयको गेट र घेरवार निर्माण कार्यको लागि ठेक्का नं.DSSP/BTD/NCB/WORKS/01-2080/81 रु. ९७४६९०७.०० लागत अनुमान रहेको निर्माण कार्यको लागि समैजी कन्स्ट्रक्सन मार्मा १, बैतडी सँग रु. ६०१०७७८.०० मा मिति २०८१।८।१२ भित्र कार्यसम्मपन्न गर्ने गरी सम्झौता भएकोमा मिति २०८१।३।२४ गते कार्यसम्पन्न भएको प्रतिवेदन पेश भएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावलीको नियम ११८ मा सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति भएमा पाँच देखी दश प्रतिशत सम्म सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले भेरियशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। विद्यालयले सम्झौता मूल्यको ८.४९ प्रतिशत रकम रु. ५१०१०१.०० को भेरियसन आदेश जारी गरी निर्माण व्यवसायीलाई रु. ६५१६१३२.०० भुक्तानी गरेको छ। यसरी खरिद ऐन बमोजिम पाँच प्रतिशत देखि दश प्रतिशत सम्मको भेरियशन आदेश राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले स्वीकृत गर्नुपर्ने सो नगरी विद्यालयबाट भेरियशन आदेश स्वीकृत गराई भुक्तानी भएको रकम नियमसम्मत नभएको रु.

| अनियमित भएको | ५,१०,१०१ |
|---|---|

७५.२ नमुना विद्यालयको भौतिक पूर्वाधार विकासको लागि शर्सत अनुदानबाट विद्यालयलाई निकासा गरिएको रु. १ करोड मध्ये विद्यालयको गेट र घेरवार निर्माणको लागि समैजी कन्स्ट्रक्सनलाई रु. ६५१६२३२.००, Boundary Wall को लागि सोझै खरिद मार्फत समैजी कन्स्ट्रक्सनलाई रु. ९९२२३७.००, सोझै खरिद मार्फत Retaining Wall निर्माणको लागि पवन निर्माण सेवालाई शैलेशिखर दार्चुलालाई रु. ९९३१२९.०० र सूचना प्रकाशन तथा अन्य खर्च गरी रु. ३२४८०१.०० गरी जम्मा रु. ८८२६३९९.०० भुक्तानी भई बाँकी रकम रु. ११७३६०१.०० संचित कोषमा दाखिला फिर्ता हुनुपर्दछ। रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,७३,६०१ |

७६ **डिलासैनी भगवती मन्दिर निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने व्यवस्था छ। त्यसैगरी यसै नियममा पुर्व निर्धारित क्षतिपुर्ति तिर्नुपर्ने अधिकतम समय अवधि भित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नुपर्ने व्यवस्था छ। डिलासैनी भगवती मन्दिर निर्माण कार्यको लागि मिति २०८० पुष १७ गते जय दुर्गे कन्स्ट्रक्सन र यस पालिका विच भएको मिति २०८१ असार १६ गते भित्र कार्य सम्पन्न गरिसक्नु पर्ने उल्लेख छ। पालिकाले पेश गरेको विवरण अनुसार कूल सम्झौता मूल्य रू.१,०१,०७,८७४.०० (मु अ कर सहित) मध्ये रू.४९४४००९।०० भुक्तानी भएको छ। जस अनुसार पुरै सम्झौता अवधि सकिएको अवस्थामा ४९.५ प्रतिशत मात्र वित्तीय तथा भौतिक प्रगति भएको देखिन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म सम्झौताको म्याद थप भएको देखिदैन। नियमावलीको नियम १२१ मा सम्झौता बमोजिमको अवधिमा कार्य सम्पन्न हुन नसकेमा १० प्रतिशत सम्म क्षतिपुर्ति असुल गरिने समेतको व्यवस्था छ। अत: सम्झौताको पालना गरी नियमावलीको नियम १२० वा १२१ वा १२७ को कार्यान्वियन गरी निर्माण कार्य व्यवस्थापन गर्नुपर्दछ। त्यसै गरी नियमावलीको नियम १२१ बमोजिम २०८१ असार १६ देखि लेखापरीक्षण अवधि २०८१ असार मसान्त सम्म ७५ दिनको दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति रू. ७५८१०.०० असुल गरी नियमावलीमा भएको प्रक्रिया पुरा गरी सम्झौता कार्यान्वियन गर्नु पर्दछ। रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,८१० |

७७ **नन् फाइलर**

मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर रकम तथा सो को विवरण स्वयम निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र बुझाउनुपर्ने व्यवस्था छ। कार्यालयले देहायका फर्मका विलहरुलाई मूल्य अभिवृद्धी कर भुक्तानी गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर भिडान गर्दा उक्त फर्महरु नन् फाइलर र अन्य कैफियत देखिएकोले निम्नानुसार रु. १०५३३८४.०० को कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| भौचर नं. | निर्माण कार्य र ठेक्का नं. | फर्मको नाम | स्थायी लेखा नं.विजक नं. | मूल्य अभिवृद्धि कर | निर्माण व्यवसायीलाई भुक्तानी भएको मूल्य अभिवृद्धि कर |
|---|---|---|---|---|---|
| ९१(२०८०।९।२६) | रेसी रुजकोटी देखी तल्लोदेखी हुदै दोगडाकेदार जोड्ने सडक निर्माण र हाँट कुवाकोट धौलकडा सडक निर्माण(PNP/BTD/NCB/WORKS/01/2080-81) | राजधानी कन्स्ट्रक्सन | ४(६०५६२३८१३) | ७२१२५९.९७ | ५०४८८२ |
| १२२(२०८०।११।०८) | रेसी रुजकोटी देखी तल्लोदेखी हुदै दोगडाकेदार जोड्ने सडक निर्माण र हाँट कुवाकोट धौलकडा सडक निर्माण(PNP/BTD/NCB/WORKS/01/2080-81) | राजधानी कन्स्ट्रक्सन | ५(६०५६२३८१३) | ७८३५७४.७८ | ५४८५०२ |
| जम्मा | | | | १५०४८३४.७५ | १०५३३८४. |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५३,३८४ |

७८ **पेश्की कट्टि**

रेसी रुजकोटी देखी तल्लोदेखी हुदै दोगडाकेदार जोड्ने सडक निर्माण र हाँट कुवाकोट धौलकडा सडक निर्माण(PNP/BTD/NCB/WORKS/01/2080-81) कार्यको लागि पालिका र राजधानी कन्स्ट्रक्सन विच भएको सम्झौता एस सि सि मा सम्झौता रकमको ३० प्रतिशत नाघेको अवस्थामा भुक्तानी हुने प्रत्येक रनिङ विलबाट पेश्की कट्टी गर्नुपर्ने तथा सम्झौता रकमको ८०

प्रतिशत भुक्तानी हुदा सम्पूर्ण पेश्की फस्योँट गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायी सँग भएको सम्झौता रकम रू. १७७६९८७१.०० को ७४ प्रतिशतले हुने रू. १३१३०४८६.०० भुक्तानी भएको अवस्थामा पेश्की रकमको ८८ प्रतिशतले हुने रकम रु. २७४३८४०.०० फस्योँट गर्नुपर्ने हुन्छ। पालिकाले हाल सम्म दुई वटा विल मार्फत रू. १३१३०४८६.०० भुक्तानी भएको अवस्थामा रू. २२६९४१३.०० पेश्कीबाट कटाएको देखिएकोले नपुग पेश्की कट्टि समायोजन गर्नु पर्ने रू.

| प्रमाण पेश नगरेको | ४,७४,४२७ |
|---|---|

७९ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ। पालिकाले निम्नानुसारका ठेक्का सम्झौताको कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्दा कम्तीमा एक महिना अवधिको थप गरेको देखिएन। पालिकाले ठेक्का सम्झौताको म्याद त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना थप अवधिको कार्यसम्पादन जमानतको म्याद राखी ठेक्का सम्झौता कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| क्र.स. | ठेक्का न. | निर्माण ब्यबसायीको नाम | ठेक्का अंक | सम्पन्न गर्नुपर्ने मिति | परफरमेन्स बन्ड रकम | परफरमेन्स बन्डको म्याद सकिने मिति | म्याद हुनुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | PNP/BTD/NCB/04-077/78 | वाइ आर कन्स्ट्रक्सन प्रा.लि. | ७३२१०५४०(भेरियसन आदेश पश्चात) | २०८१।३।३० | १२३८३००० | २०८२।३।३० | २०८२।४।३० | सम्पन्न |
| २ | PNP/BTD/NCB/WORKS/04-2080/81 विद्युत लाईन विस्तार | Housing and Hydro service cop. Ltd. Lalitpur | २०७४१००० | २०८१।३।२० | १२००००० | २०८२।३।३२ | २०८२।४।२० | सम्पन्न |

| सैद्धान्तिक बेरुजु |
|---|

८० **पालिकाको डोजरबाट भएको सडक मर्मतको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी Norms rate of plant and machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ। पालिकाले ईन्धन प्रयोग गरी आफ्नै डोजर प्रयोग गरी सडक मर्मत गरिएको भनि यो वर्ष मल्ल आयल स्टोरबाट रु.५८०२७७२.०० को ईन्धन खरिद सहित सडक मर्मतमा रु.१०१२६६२७.०० खर्च लेखेको छ। यसरी पालिकाले ईन्धन प्रयोग भएको विवरण पेश भएकोमा कुन सडक खण्डमा कति परिमाणको कार्य गर्न कति समय लाग्यो भन्ने व्यवस्थित अभिलेख राखेको पाईएन। तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको प्रमाण अभिलेख साथ संलग्न हुनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **अधुरो योजनामा कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार निर्माण कार्य, आपूर्ति कार्य लगायतको कार्य सम्पन्न भए पश्चात कार्य स्वीकार प्रतिवेदन तयार गर्ने र नियम २५ अनुसार त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। संघीय शसर्त अनुदानबाट लागत अनुमान रु. ३७७०९७९।०० मा २३.६३ प्रतिशत लागत सहभागितामा सञ्चालन गर्ने

गरी पालिका र उपभोक्ता समितिबिच सम्झौता भई रु. २५८८०५६।०० बराबरको कार्यसम्पन्न भई लागत सहभागिता रु. ६११५७५.००(२३.६३ प्रतिशत) कट्टी गरी रु. १९७६४९८।०० भुक्तानी भएकोमा शुरु लागत अनुमान भन्दा ३१.३७ प्रतिशत अर्थात रु. ११८२९२४.०० बराबरको काम सम्पन्न नहुँदै पालिकाले आर्थिक वर्षको अन्त्यमा जति कार्य भएको छ, त्यसैलाई नै कार्य सम्पन्न भएको उल्लेख गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ। यसबाट उक्त योजना पुर्ण रुपमा सञ्चालन पनि नहुने र आगामी वर्षमा उक्त योजनामा बजेट विनियोजन नहुने हुँदा त्यस्ता योजना अधुरो अवस्थामा नै रहने भएकाले गरिएको खर्चको सदुपयोग नहुने जोखिम रहन्छ। समयमा नै योजना सम्झौता गरी काम सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

## ८२ मु.अ. कर कट्टि

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग मा सरकारी वा सार्वजनिक निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वापत भुक्तानी गर्दा निजलाई भुक्तानी गरिने मु.अ. कर रकमको ३० प्रतिशतले हुने रकम निज आपुर्तिकर्ताको नाममा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई मु.अ. कर भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार ३० प्रतिशतले हुने रकम कट्टी गरी सम्बन्धितक व्यक्ति तथा फर्मको नामबाट आन्तरिक राजस्व कार्यालयमा दाखिला भएको नपाइएकोले मुअकर समायोजन पत्र पेश हुनुपर्ने रु.

| ठेक्का नं. | योजनाको नाम | आपुर्तिकर्ताको नाम | भुक्तानी भएको मु अ कर | कट्टि गरी दाखिला गर्नु पर्ने मु अ कर |
|---|---|---|---|---|
| PNP/BTQ/SQ/WORKS/07/2080/81 | Construction of nwala birthing center building | मामाभाञ्जा कन्ट्रक्सन प्रा.लि. पुनपा ६ बैतडी | ७०४८५ | ६८३५ |
| PNP/BTQ/CS/02/2080/81 | डिलासैनी भगवती मन्दिर निर्माण | हाउस अफ इञ्जिनियरिङ एनालाइसिस एण्ड डिजाइन कन्सल्टेन्सी प्रा. लि | ३४१२५ | १९३३७ |
| जम्मा | | | १०४६१० | २६१७२ |

| प्रमाण पेश नगरेको | २६,१७२ |
|---|---|

## ८३ मुल्य अभिवृद्धि कर

मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ। तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यबस्था गरेको छ। यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यी निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने थप कानुनी व्यबस्था रहेको छ।निम्नानुसार व्यबसायीसँगको सम्झौता अनुसार मु अ कर अशुल हुन बाँकी रहेको देखिन्छ। व्यबसायीको ठेक्का रकममा लाग्ने मु अ कर अशुल गरी दाखिला गरेको नदेखिएकोले सम्झौता अनुसारको रकममा लाग्ने मु अ कर का अतिरिक्त पालिकाबाट प्रमाणित गरिदिएका रसिदबाट थप के कति मु अ कर अशुल गरेका छन यकिन गरी अशुल गरेको मु अ कर समयमा दाखिला नगरे बापत मु अ कर ऐन, २०५२ अनुसार लाग्ने थप दस्तुर, व्याज र जरिवाना अशुल गरेको प्रमाण सहित सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्रमाणित पत्रसमेत पेश हुनु पर्ने देखिएको रकमरु. ६९३५६.०० असुल हुनुपर्दछ। रु.

| क्र.सं. | नदीको भाग | ठेक्का नं. | ठेक्काको विवरण | ठेकेदार फर्म/ व्यक्ति | ठेक्का अंक | असुल हुनुपर्ने मु अ कर |
|---|---|---|---|---|---|---|
| १ | न्यूनतम जमाडी गाउँ, त्रिवेणी देखि कोपिखेत मन्दिर सम्म | १/२०८०/८१ | नदिजन्य पदार्थ | गणेश बहादुर बिष्ट | २६००० | ३३८० |
| २ | बागगाड, त्रिवेणी धाम देखि भटना चक्किवगर सम्म | २/२०८०/८१ | नदिजन्य पदार्थ | गणेश बहादुर बिष्ट | २०१००० | २६१३० |
| ३ | जमाडी नदी नकतडी, गरखा, धनतडा, पल्तडी बगर देखि धन्नासी वगर सम्म | ७/२०८०/८१ | नदिजन्य पदार्थ | गणेश बहादुर बिष्ट | २५१००० | ३२६६० |
| ४ | लोलिगाड देखी जमाडी नदी सम्म | ८/२०८०/८१ | नदिजन्य पदार्थ | गणेश बहादुर बिष्ट | ५५५१० | ७२१६ |
| ५ | धौलकाड स्टेल खानी | ९/२०८०/८१ | स्टेल खानी | गणेश बहादुर बिष्ट | ९५५०० | १२४१५ |
| ६ | भैसी, राँगा निर्यात | ४/२०८०/८१ | निर्यात सम्बन्धि | गजेन्द्र सार्की | १४५००० | १८८५० |
| ७ | खसि, बाख्रा निर्यात | ३/२०८०/८१ | निर्यात सम्बन्धि | जनक बहादुर गडाल | ४१००० | ५३३० |
| ८ | जडीबुटी संकलन | ६/२०८०/८१ | संकलन तथा निकासा | जनक बहादुर गडाल | ३६००० | ४६८० |
| ९ | कवाडी संकलन | ५/२०८०/८१ | कवाडा संकलन | गणेश अवस्थी | १८२०० | २३६६ |
| जम्मा | | | | | ५३३५१० | ११२९९७.३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,९९७.३ |

८४ **बागागाड लघु जलविद्युत**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले बागागाड लद्यु जलविद्युत आयोजना मर्मत कार्यको लागि यस वर्ष रु. २२३१९९.०० भुक्तानी गरेको छ। पालिकाबाट प्राप्त पाप्त जानकारी अनुसार उक्त लघु जलविद्युत पालिकाको स्वामित्वमा रहेकोले मर्मत खर्च भुक्तानी भएको भन्ने रहेको छ। तर उक्त लघु जलविद्युत आयोजनाबाट प्राप्त हुने आम्दानी पालिकाको संचित कोषमा दाखिला भएको देखिदैन। अत: लद्यु जलविद्युत आयोजनाको लेखापरीक्षण, आयोजना संचालन विधि तथा प्राप्त हुने आय समेम यकिन नभई आयोजना मर्मत वापत भुक्तानी भएको रकम नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२३,१९९ |

८५ **नदीजन्य पदार्थ उत्खनन**

पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) को प्रतिवेदन अनुसार जमाडी नदीमा बढीमा १६३५५ घनमिटर उत्खनन गर्ने गरी ढुंगा गिट्टी तथा वालुवाको उत्खनन तथा व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम ठेक्का व्यवस्थापन गरेको पाइएन। सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०८० अनुसूची ६ मा प्रतिघन फिट रु. ४ अर्थात प्रति घनमिटर रु. १४१.२ रोयल्टी असुल गर्ने व्यवस्था छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार जमाडी नदीको नदीजन्य पदार्थ उत्खननको न्यूनतम ठेक्का अंक रु. २३०९३२६.०० हुने देखिन्छ।पालिकाले उक्त ठेक्कामा नदीजन्य पदार्थको उत्खनन गर्न परिमाण उल्लेख नगरी तपशिल बमोजिम आय ठेक्का बन्दोबस्ती गरेको छ।

| क्र.सं. | नदीको भाग | ठेक्का नं. | न्यूनतम मूल्य | छनौट भएको फर्म/ व्यक्ति | कबोल रकम |
|---|---|---|---|---|---|
| १ | न्यूनतम जमाडी गाउँ, त्रिवेणी देखि कोपिखेत मन्दिर सम्म | १/२०८०/८१ | २५००० | गणेश बहादुर बिष्ट | २६००० |
| २ | बागगाड, त्रिवेणी धाम देखि भटना चक्किवगर सम्म | २/२०८०/८१ | ३०००० | गणेश बहादुर बिष्ट | २०१००० |
| ३ | जमाडी नदी नकतडी, गरखा, धनतडा, पल्तडी बगर देखि धन्नासी वगर सम्म | ७/२०८०/८१ | ६०००० | गणेश बहादुर बिष्ट | २५१००० |
| ४ | लोलिगाड देखी जमाडी नदी सम्म | ८/२०८०/८१ | ५०००० | गणेश बहादुर बिष्ट | ५५५१० |
| जम्मा | | | १६५००० | | ५३३५१० |

यसरी पालिकाले रु. १६५०००.०० ठेक्का मूल्य कायम गरि ठेक्का सुचना प्रकाशन गरेकोमा गणेश बहादुर बिष्टले अधिकतम रु. ५३३५१०.०० अंक कबोल गरि ठेक्का सम्झौता गरेको देखिन्छ। व्यवसायीले कति परिमाणमा उत्खनन गर्ने र उत्खनन गरेको सो सम्बन्धमा कुनै अनुगमन भएको देखिदैन।के कति नदिजन्य पदार्थ उत्खनन हुन बाँकी रहेको सो समेत अनुगमन गरी उत्खनन भएको परिमाण सुनिश्चित गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८६ **प्राकृतिक स्रोत संकलन तथा बिक्री**

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ढुंगा गिटी वालुवा र स्लेट खानी वापत रु.६२९०१०.०० संकलन गरेकोमा कुनै पनि रकम प्रदेश संचित कोषमा पठाएको देखिएन। अत: संकलित रकमको ४० प्रतिशतले हुने रु. २५१६०४.०० प्रदेश संचित कोषमा पठाएको प्रमाण पेश गर्नुपर्दछ। रु.

| प्रमाण पेश नगरेको | २,५१,६०४ |
|---|---|

८७ **नदिजन्य पदार्थ विक्रि**

नदिजन्य पदार्थमा कर संकलन गर्ने उद्धेश्यले पालिकाले आहवान गरेको सूचनामा पालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु सो कर संकलनको लागि सम्झौता भएको ठेकेदारले आफ्ना तर्फबाट छपाई गरी सोही रसिदहरुबाट कर संकलन गर्नुपर्ने गर्नुपर्दछ। जमाडी नदीको विभिन्न क्षेत्रको ढुङ्गा, गिट्टी वालुवा संकलनको लागि पालिका र गणेश बहादुर बिष्टबीच सम्झौता भई पालिकाले ठेकेदार रसिदहरु छपाई पालिकाबाट प्रमाणित गरि लिएकोमा उक्त रसिदहरु पालिकामा फिर्ता भएको छैन। पालिकामा रसिद फिर्ता नहुदा ठेकेदारले कति परिमाणमा नदिजन्य पदार्थ संकलन गरेको पुष्टि हुदैन। पालिकाले के कति परिमाण कुन दरमा संकलन भएको जानकारी पाउन ठेकेदारबाट छपाएर पालिकाबाट प्रमाणित भएका रसिदहरु पालिकामा फिर्ता ल्याउनु पर्दछ। ठेकेदारले रसिदबाट संकलन गरेको कर वापतको रकम सम्बन्धमा पालिकाले एकिन गरी सो वापतको मु अ कर समेत थप असुल भए नभएको एकिन हुनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८८ **प्राकृतिक स्रोत संकलन तथा बिक्री**

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा, स्लेट र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने र प्रदेश सरकारले संघीय र प्रदेश कानून बमोजिम वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्राकृतिक स्रोतको संकलन गर्न पालिकालाई स्कीकृत दिने व्यवस्था छ। पालिकाले यस वर्ष धौलकाडा स्लेट खानीको वातारणीय अध्ययन प्रतिवेदन स्वीकृत नगरी

न्यूनतम रु. ५००००.०० ठेक्का मूल्य कायम गरी रु. ९५५००.०० मा गणेश बहादुर बिष्टसँग ठेक्का सम्झौता गरेको छ। साथै कति परिमाणमा स्लेट उत्खनन तथा संकलन भएको सम्बन्धमा पालिकाबाट कुनै प्रकारको अनुगमन भएको देखिदैन। अत: पालिकाले प्रचलित ऐन बमोजिम वातारणिय अध्ययन प्रतिवेदन प्रदेश सरकारबाट स्वीकृत गराई प्राकृतिक स्रोतको उत्खनन तथा संकलन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

८९ सम्परीक्षण तथा अद्यावधिक बेरुजु

**(क) सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्योँट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ। कार्यालयले २०८१ सम्मको बाँकी बेरुजु फस्योँट गरी सम्परीक्षणका लागि अनुरोध गरेको छैन।

**(ख) अद्यावधिक बेरुजुको अवस्था** - यस **पुर्चौडी नगरपालिका, बैतडी** को २०८१ सम्मको फस्योँट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | सम्परीक्षणबाट कायम बेरुजू(D) | अद्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १७६२३३००० | ० | २२९८७८५६.३ | ० | १९९२२०८५६.३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पुर्चौडी नगरपालिका, बैतडी , पुर्चौडी नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhanu Bhakta Bhatt | २०८०-१-२० | २०८०-६-२८ |
| कार्यालय प्रमुख | BINOD KUMAR KUNWAR | २०८०-८-४ | २०८१-६-४ |
| कार्यालय प्रमुख | JAGADISH PRASAD JOSHI | २०८१-६-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dal Bahadur Dhami | २०७७-४-१ | २०८०-६-२८ |
| लेखा प्रमुख | GOBINDA RAWAL | २०८०-६-२९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,९१३,३६५.३ | २,०४०,७७४ | १६,७३३,७१७ | ० | ० | ३००,००० |
| | | | | **जम्मा बेरुजु रकम** | २२,९८७,८५६.३ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १२९,८३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३१४७६०२९.०६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६८८५४३७४ | चालु खर्च | ४६०१६९१३५.०९ |
| प्रदेश सरकारबाट अनुदान | ३०९३६७५६ | पूँजीगत खर्च | १५७७२०६५५ |
| राजश्व बाँडफाँट | १०६७८८५४४.७ | वित्तीय/अन्य व्यवस्था | २६७२९२३५८.१ |
| आन्तरिक आय | ६१५२१९४.१५ | | |
| अन्य आय | २६१३९२००२.०९ | | |
| कुल आय | ८७४१२३८७०.९४ | कुल खर्च | ८८५१८२१४८.१९ |
| बाँकी मौज्दात | | २०४१७७५१.८१ | |

## अनुसूची - २